का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ असार २०८२,
मंगलबार
17 June, 2025
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २३, अंक १३५ । पृष्ठ ८ ...ha National Daily www.madhyanhadaily.com

# बैंकमै थुप्रियो पैसा



“बैंकहरूले ७ प्रतिशत भन्दा कम ब्याजदरमा कर्जा दिइरहेका छन् । ब्याजदर कम हुँदासमेत कर्जाको माग कम छ । बैंक तथा वित्तीय संस्थासँग करिब ७ खर्ब कर्जायोग्य रकम थुप्रिएको छ ।



**■ मनोज ज्ञवाली**
प्रमुख कार्यकारी अधिकृत
नबिल बैंक

“ब्याजदर कम हुँदापनि कर्जाको माग बढ्न सकेको छैन, तर तथ्यांकमा कर्जा प्रवाह बिस्तारै बढिरहेको देखिन्छ । राष्ट्र बैंक मौद्रिक नीतिको तयारीमा रहेकाले आएका सुझावलाई केन्द्रित भएर कर्जा विस्तारमा ध्यान दिन्छौं ।



**■ किरण पण्डित**
प्रवक्ता
नेपाल राष्ट्र बैंक

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं २ असार ।

आर्थिक गतिविधि बढ्न नसक्दा बैंक तथा वित्तीय संस्थाहरूमा पैसा थुप्रिँदै गएको छ। बैंक तथा वित्तीय संस्थाहरूले सस्तो ब्याजदरमा कर्जा प्रवाह गर्दासमेत लगानीकर्ता बैंकको ऋण लिन चाहिरहेका छैनन् ।

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोज ज्ञवालीका अनुसार बैंकहरूको कर्जाको ब्याजदर निकै कम हुँदासमेत ऋण लिन आउने संख्या निकै नै कम छ। ‘नयाँ व्यवसायीले लगानी गर्न खोजिरहेका छैनन् । भएका पुराना व्यवसायीमा पनि लगानी विस्तार गर्न नचाहँदा बैंकमा पैसा थुप्रिएको छ’, उनले भने, ‘बैंकहरूले अहिले छोटो समयका लागि ७ प्रतिशत भन्दा कम ब्याजदरमा बैंकहरूले कर्जा दिइरहेका छन् । तर कर्जाको माग कम हुँदा बैंक तथा वित्तिय संस्थासँग करिब ७ खर्ब कर्जा प्रवाह हुन सक्ने रकम थुप्रिएर बसेको छ ।’

विकास बैंक तथा फाइनान्स कम्पनीहरूलेसमेत अहिले एकल अंकको ब्याजदरमा ऋण दिइरहेको अवस्था छ। बैंकमा पैसा थुप्रिदा »» पृष्ठ २ मा

हाम्रो पहिचानमा
हाम्रो गौरव

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्को पहिचानलाई सम्मान गरौं ।

‘हाम्रो पहिचान, हाम्रो स्वाभिमान’

नेपाल सरकार
विज्ञापन बोर्ड

### नैतिक कठघरामा माधव-रवि

# निलम्बित सांसद नै संसदीय दलको नेता !

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ असार ।

विधायिकामा आफ्नो दलको नेतृत्व गर्ने सांसद संसदीय दलको नेता हो । तर, सांसद पदबाटै निलम्बनमा परेपछि संसदको नियमित बैठकमा प्रवेश नपाउने नेताहरू नै संसदीय दलको नेताको जिम्मेवारी अहिले पनि छन् । यसले राजीतिमा नैतिकता र इमान्दारिता गुमेको संकेत गरेको छ ।

भ्रष्टाचार र ठगी मुद्दा खेपिरहेका नेकपा (एकीकत समाजवादी)का अध्यक्ष माधव कुमार नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने अहिले सांसद छैनन् । भ्रष्टाचार र ठगी मुद्दामा परेपछि संसदीय प्रक्रियाअनुसार उनीहरू सांसद पदबाट निलम्बनमा परेका हुन् । सांसद पदबाट निलम्बित भएका उनीहरू





अहिले पनि आ-आफ्नो पार्टीको संसदीय दलको नेतामा कायमै छन् ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एसका अध्यक्ष नेपालमाथि पतञ्जलिको जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २२ जेठमा विशेष अदालतमा मुद्दा दायर गरेपछि उनी संसद्बाट निलम्बनमा परेका हुन् ।

त्यस्तै पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछाने ५ वटा सहकारी ठगी काण्डमा मुछिएपछि अहिले रुपन्देही जिल्ला कारागारमा पूर्पक्षकालागि थुनामा छन् । उनीविरुद्ध सम्पत्ति शुद्धीकरणमा समेत छानबिन भइरहेको छ। ८ पुसमै उनको सांसद पद निलम्बनमा परेको हो ।

पुराना दलका नेताहरूलाई नैतिकताको पाठ सिकाउँदै आफूलाई बैकल्पिक राजनीतिक शक्तिका रूपमा स्थापित गर्न खोजेको रास्वपामाथि यतिबेला गम्भीर नैतिकताको खडेरी देखिएको भन्दै सर्वत्र टिप्पणी भइरहेको छ । सहकारी ठगी र संगठित अपराधमा लामो समयदेखि मुद्दा भ्केलि रहेपनि लामिछानेले हिरासतबाटै पार्टी र संसदीय दलको नेतृत्व लिइरहँदा पार्टीभित्र खैलाबैला भएपनि उनलाई हटाउने आँट भने नेताहरूले गर्न सकेका छैनन् । लामिछानेकै कारण रास्वपाका अन्य नेताहरू नागरिकमाझ नैतिक संकटको घेरामा छन्। राजनीतिक दलसम्बन्धी »» पृष्ठ २ मा

# न्यायालयमा खै समावेशी अनुहार ?

तीन जना न्यायाधीश र एक जना न्यायपरिषद् सदस्यको संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढाउने सन्दर्भमा सांसदहरूले समावेशिताको खोजी गरेका हुन् ।



“न्यायाधीश सिफारिस गर्दा समावेशिता ख्याल नगरिएको प्रश्न छ । यसबारे न्यायपरिषद्ले विचार गर्नुपर्छ ।

**■ जीवन परियार**
नेता, नेपाली कांग्रेस



“समावेशिताको विषयमा प्रश्न गरिरहेका छौं, तर सरकार ध्यान दिइरहेको छैन किन ?

**■ प्रकाश अधिकारी**
नेता
जनता समाजवादी पार्टी



“समावेशिताको विषयमा न्यायपरिषद्सँग छलफल गर्नुपर्छ ।

**■ जगप्रसाद शर्मा**
नेता
नेकपा माओवादी केद्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ असार ।

न्यायालयमा समावेशिताको खोजी भएको छ। न्यायाधीश सिफारिस गर्दा नै समावेशितालाई ख्याल गरिनुपर्ने आवाज संसदीय समितिमा उठेको छ। सांसदहरूले न्यायाधीश सिफारिस समावेशी हुन नसकेको भन्दै सम्बन्धित निकायको आलोचना गरेका छन् ।

संघीय संसद् अन्तर्गतको संसदीय सुनुवाइ समितिको बैठक बसेको थियो । जहाँ सांसदहरूले न्यायपरिषद्ले सर्वोच्च अदालतका लागि न्यायाधीश सिफारिस गर्दा समावेशिता नअपनाएको भनेर असहमति जनाएका हुन् ।

नेपालमा तीन तहका अदालत छन् । संविधानको धारा १२७ को उपधारा १ अनुसार सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहेका छन्। त्यसमध्ये जिल्ला अदालत प्रारम्भिक तहको अदालत हो । »» पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# इजरायल-इरान युद्धले खाडीका सैयौं उडान रद्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असार ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले केही दिनयतादेखि इजरायल र इरानबीच सुरु भएको युद्ध तथा पछिल्लो समय यसबाट विकसित परिस्थितिका बारेमा नेपालका लागि इजरायली राजदूत स्मुलिम एरी बाससँग जानकारी लिएकी छन् । परराष्ट्र मन्त्रालयमा मन्त्री डा राणालाई राजदूत बासले इजरायल र इरानबीचको पछिल्लो द्वन्द्व तथा त्यहाँको पछिल्लो अवस्थाका बारेमा जानकारी गराए ।

त्यस अवसरमा मन्त्री डा. राणाले त्यहाँ रहेका नेपालीको अवस्थाबारे जानकारी लिँदै उनीहरुलाई पर्न सक्ने आवश्यक सहायता र सुरक्षित अवस्थाका लागि राजदूत बासमार्फत इजरायल सरकारलाई आग्रह गरिन्। राजदूत बासले हाल त्यहाँस्थित नेपाली नागरिक सुरक्षित रहेको जानकारी दिए ।


परराष्ट्र मन्त्रालयले आइतबार विज्ञप्ति प्रकाशन गरेर इजरायल र इरानमा रहेका नेपाली नागरिक सुरक्षित रहेका जानकारी गराएको थियो। पछिल्ला केही दिन इरान र इजरायलबीच विकसित घटनाक्रमका सन्दर्भमा मन्त्री डा. राणाले तेल अभिव र दोहास्थित नेपाली राजदूतलाई आइतबार टेलिफोन सम्पर्क गरी त्यहाँस्थित नेपाली नागरिकको सुरक्षामा ध्यान दिन निर्देशन पनि दिएकी छन् ।

मन्त्रालयले दुई देशबीचको द्वन्द्वलाई नजिकबाट नियालिरहेको र त्यहाँ रहेका नेपालीको सुरक्षा सुनिश्चितताका लागि नेपाल सरकारले आवश्यकताअनुसार उपयुक्त कदम चाल्ने सो विज्ञप्तिमा उल्लेख छ। हाल इजरायलमा करिब ७ हजार नेपाली रहेका छन्। उनीहरूमध्ये कतिपयले तत्कालै नेपाली फर्किने अवस्था नरहेको बताएका छन् । कतिपयले इजरायलका विमानस्थल बन्द रहेको भन्दै चाहेर पनि नेपाल फर्किन नसक्ने बताएका छन् ।

इजरायल र इरानबीचको बढ्दो सैन्य गतिविधि, क्षेत्रीय द्वन्द्व र क्षेप्यास्त्र आक्रमणका कारणले मध्यपूर्वको हवाई उडान अस्तव्यस्त बनेको छ । जसका कारण खाडी मुलुक, युरोप र अमेरिका जाने नेपाली कामदार »» पृष्ठ २ मा

## प्रगतिशील मञ्चको साधारणसभा २ साउनमा

**काठमाडौं/मस-** नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले आगामी साउन २ गते साधारणसभा गर्ने भएको छ । सोमबार सूचना जारी गर्दै मञ्चका अध्यक्ष जनक रावलले त्यसका लागि असार १८ गतेभित्र तोकिएका कागजातसहित प्रतिनिधि पठाउनुपर्ने बताएका छन् । प्रतिनिधि पठाएको निवेदन, इजाजतपत्र र शेयर लगत, तोकिएको लेबीसहित प्रतिनिधि »» पृष्ठ २ मा





VACANCY
ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Public Relation Officer (PRO) : 6 (Male/Female)

SALARY Negotiable

★ Requirements:
★ Minimum 2/3 Years of Experienced in Manpower fields.
★ Minimum +2 Passed.

CONTACT
9761746298
Please send your CV: keshav.cdhr@gmail.com

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति **२०८२ असार १५** गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

## प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको सूचना

प्रगतिशील वैदेशिक रोजगार व्यावसायी मञ्च नेपालको २०८२ साउन २ गते हुने साधारणसभासहितको निर्वाचनमा भाग लिन असार १८ गतेभित्र यस मञ्चको कार्यालयमा आइपुग्ने गरी यस मञ्चसँग आबद्ध सम्पूर्ण संस्थाका सदस्यज्यूहरुलाई देहायमा उल्लेखित कागजातसहित प्रतिनिधि पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**आवश्यक कागजात**

१) प्रतिनिधि पठाएको निवेदन
२) इजाजतपत्र र शेयर लागत
३) प्रतिनिधिको नागरिकता र २ प्रति पासपोर्ट साइज फोटो
४) तोकिएको लेबी

**सम्पर्क व्यक्तिहरु:**

डिकबहादुर खत्री ‘कुमार’ ९८५१०६३९३१
सरिता घले ९८४१३७८६०४
डण्डपाणि भट्टराई (दीलिप) ९८५१००९९४६
मदन पौडेल ९८५१००१२०७
मुक्तिनाथ अधिकारी ९८५१०३१६५६
सञ्जु गुरुङ ९८५१०९३३०७
राजेन्द्र भण्डारी ९८५१००८१५७
श्यामचन्द्र खतिवडा ९८०१०५५७२१
रोहन पौडेल ९८५११९७७३२
छत्रबहादुर बस्नेत ९८४१७८११५५
दलवीर भण्डारी ९८५११८०१८२
मीलन कट्टेल ९८५१०२१७५६
राजेन्द्र अधिकारी ९८५१२२८९४६
धनमाया सिञ्जाली ९८५१०९३८७८
सोम तामाङ ९८५१००७९८८
नरेश गेलाल ९८०१०३९४८७
शिवहरि मैनाली (शितल) ९८५१००३८२१
राधा सिग्देल (किरण) ९८५१०४२९८४
दीपक आचार्य ९८५११४४१८५
कार्यालय सचिव सन्तोष रावल ९८४७५९५३५१

**जनक रावल**
अध्यक्ष

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन: ०१-४४६४३०१, ४४६४७२६

मध्यान्ह
www.madhyanhadaily.com
३ असार २०८२ मंगलबार
17 June 2025, Tuesday

# मिडियाविरुद्धका गतिविधि रोक्न मिडिया अलाइन्स नेपालको ऐक्यबद्धता

**काठमाडौं/मस-** नेपालका प्रमुख सञ्चार माध्यमका सञ्चालकहरूको साझा संस्था मिडिया अलाइन्स नेपालले मिडियाविरुद्ध भइरहेका गतिविधि रोक्न ऐक्यबद्धता जनाएको छ।

अलाइन्सका प्रतिनिधिमण्डलले नेपाल रिपब्लिक मिडिया नेतृत्वसँग सोमबार छलफल गरी मिडियाविरुद्धका भइरहेका गतिविधि रोक्न ऐक्यबद्धता जनाएको हो।




नेपाल रिपब्लिक मिडियाका निर्देशक शोभा ज्ञवालीलाई परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले सञ्चार संस्था र यसका सञ्चालकलाई धरासायी गराइदिने भनी धम्की दिएको घटनाबारे बुझ्न र ऐक्यबद्धता जनाउन अलाइन्स टोली रिपब्लिकको कार्यालयमा पुगेको थियो।

अलाइन्स अध्यक्ष भाष्करराज राजकर्णिकार, आर्थिक दैनिकका प्रकाशक प्रह्लाद रिजाल र राजधानी दैनिकको प्रकाशन संस्था राजधानी न्युज पब्लिकेसन्सका अध्यक्ष सचिन सेरचन संस्थाको प्रतिनिधित्व गर्दै नेपाल रिपब्लिक मिडियाको सुन्धारास्थित मुख्यालयमा पुगेको थियो।

छलफलका क्रममा उनीहरूले पछिल्लो समय आम सञ्चार माध्यममाथि भइरहेको प्रहारविरुद्ध ऐक्यबद्धता जनाएका छन्। पत्रकार दिलभूषण पाठकमाथि भएको गिरफ्तारी वारेन्ट जारी, दुई अनलाइन माध्यम नेपालखबर र बिजमाण्डूविरुद्ध भएको समाचार हटाउने अदालती आदेशलगायतका घटनाक्रम समग्रमा प्रेसमाथि भइरहेका आक्रमणको विषयमा समेत सो क्रममा छलफल भएको थियो।

छलफलका क्रममा समग्र सञ्चार जगतमा देखिएका समस्या, यसमाथि भइरहेका प्रहारविरुद्ध भावी रणनीति बनाउन सबैबीच छलफल आयोजना गर्नुपर्ने आवश्यकतासमेत औंल्याइएको छ। मुलुकको लोकतान्त्रिक आन्दोलनमा प्रेसजगतले गरेको योगदानलाई बेवास्ता गर्दै यसविरुद्ध योजनावद्ध ढंगले भइरहेका आक्रमणप्रति सतर्क हुनुपर्ने अवस्थाबारे पनि छलफल भएको छ। रिपब्लिक मिडियाका अध्यक्ष विनोदराज ज्ञवाली, निर्देशक शोभा ज्ञवालीले घटनाबारे जानकारी गराएका थिए।

## बैंकमै ...

बैंक तथा वित्तिय संस्थाले निकै कम ब्याजदरमा ऋण दिइरहेका छन्। बैंकहरूसँग अहिले निक्षेप संकलन भएको पैसालाई व्यवस्थापन गर्न कठिन भइरहेको बैंकरहरू बताउँछन्। यस्तै बैंक तथा वित्तिय संस्थामा तरलता धेरै भएपछि त्यसको व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले १ असारमा ४२ दिनका लागि ४० अर्ब निक्षेप संकलन गरेको छ।

यसरी बैंकबाट राष्ट्र बैंकले ४ खर्ब १४ अर्ब रुपैयाँभन्दा बढी निक्षेप संकलन गरिसकेको छ। राष्ट्र बैंकका प्रवक्ता किरण पण्डितले पछिल्लो समय कर्जाको माग बिस्तारै बढ्दै गएको बताउँछन्। उनले भने 'राष्ट्र बैंक अहिले मौद्रिक नीतिको तयारीमा छ। हामीले १० असारसम्म सुझावको माग गरेका छौं। बजारमा कसरी पैसा पठाउने, ब्याजदर कम हुँदा कर्जाको माग कसरी बढाउने तर्फ केन्द्रित भएर मौद्रिक नीतिमा आएका सुझाव अनुसार राष्ट्र बैंक अगाडि बढ्छ।'

स्वदेशमा लगानी गर्नेभन्दा विदेश जाने युवा पुस्तामा देखिएको मोहले आन्तरिक अर्थतन्त्र चलायनमान मै असर परिरहेको छ। अहिले पैसा जति बैंकमा थुप्रिंदा बजार र आम मानिसको हातमा पैसा नै छैन। त्यसैले बजार चलायमान नभएको अर्थशास्त्री डा. रघुवीर विष्ट बताउँछन्।

बैंक तथा वित्तिय संस्थामा दिनहुँ निक्षेप संकलन बढ्ने तर कर्जाको माग बढ्न नसक्दा बैंकमा दैनिक रूपमै पैसा थुप्रिदै गएको बैकरहरू बताउँछन्। रेमिट्यान्स अप्रवाहमा आएको निरन्तर सुधार र उपभोगमा आएको कमीले अधिक तरलता समस्या देखिएको हो।

चालु आवको वैशाखसम्म १३ खर्ब ५६ अर्ब ६१ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ भने वैशाखमा मात्रै रेमिटान्स १ खर्ब ६५ अर्ब ३० करोड रुपैयाँ आएको छ। रेमिट्यान्स बढ्दा बैंक तथा वित्तिय संस्थामा पैसा थुप्रिएको हो। रेमिट्यान्स निरन्तर बढेपनि उपभोग र कर्जामा लगानी नहुँदा बैकिङ प्रणाली मै रकम थुप्रिएको हो।

## निलम्बित...

ऐनमा २०७३ मा सम्बन्धित दलको निर्देशन बमोजिम संघीय संसद वा प्रदेशसभाको संसदीय दलका सदस्यले आफू मध्येबाट १ जना संसदीय दलका नेता निर्वाचित गर्ने व्यवस्था गरेको छ। 'सम्बन्धित दलको विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संसदीय दलका नेताले संसदीय दलका सदस्य मध्येबाट उपनेता, सचेतक वा सदस्य सचिव मनोनयन गर्ने छ', ऐनमा उल्लेख लेखिएको छ।

यद्यपि लामिछाने र नेपाल अहिले सांसद नभएकाले संसदीय दलको नेताहुने योग्यता उनीहरूसँग छैन्। संसदीय दलका नेता लामो समयसम्म अनुपस्थित रहने कुरा अहिलेको व्यवस्थाले परिकल्पना नै नगरेको संसद् सचिवालयका अधिकारीहरू बताउँछन्। यस कारण पनि दलहरूले संसदीय दलको नेता फेर्न हतार नगरेको उनीहरूको भनाइ छ।

सहकारी ठगी काण्डमा परेका लामिछानेको बचाउ गर्दै सडकदेखि सदनसम्म आन्दोलित बनेका रास्वपाका सांसदहरूले अहिले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै सदन अवरोध गरिरहेका छन्।

भिजिट भिसा प्रकरणमा अध्यागमन विभागका महानिर्देशक तीर्थराज भट्टराईलाई अख्तियारले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ। गृहमन्त्रीको राजीनामालाई मुख्य एजेण्डा बनाएर सदनमा नाराबाजी गरिरहेको रास्वपाले जेलमा रहेका लामिछानेलाई सांसद पद निलम्बनमा परेको ६ महिना बितिसक्दासमेत दलको नेता र पार्टी सभापतिमा रहिरहेको प्रति नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले नैतिकताको प्रश्न उठाए। 'रवि लामिछाने कुन नैतिकताले पार्टी सभापति र दलको नेता रहिरहेका छन् र उनको पार्टीका सांसदहरूले अन्य पार्टीलाई कुन आधारमा नैतिकताको कुरा गरिरहेका छन् ?',घिमिरेले प्रतिनिधि सभा बैठकमै प्रश्न गरे। लामिछानेले सभापति र संसदीय दलको नेताबाट राजीनामा नदिइ पूर्पक्षका लागि थुनामा रहेको समयमा काम चलाउ प्रयोजनका लागि उपसभापति डिपी अर्याललाई कार्यबाहक सभापतिमा र उपनेता विराजभक्त श्रेष्ठलाई संसदीय दलको कार्यबाहक जिम्मेवारी तोकेको छ। 'अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको ५ वटा मुद्दा खेपिरहेका र सर्वोच्च अदालतले समेत थुनामा राखि पुर्पक्ष गर्न आदेश दिएको व्यक्तिलाई आफ्नो पार्टीको सभापति पदमा विराजमान राख्न कुन नैतिकताले दियो ?,' घिमिरेको प्रश्न छ।

यो विषयले रास्वपालाई अप्ठ्यारो पारेको छ। रास्वपामाथि सदनमै नैतिकताको प्रश्न उठेपछि पार्टीका नेताहरू आन्तरिक छलफलमा जुटेका छन्। 'सार्वजनिक रूपमा प्रश्न उठेपछि उठेका प्रश्नबारे कसरी जवाफ दिने भनेर हामी आन्तरिक छलफलमा छौँ', रास्वपाका कार्यबाहक प्रवक्ता मनिष झाले भने। पार्टी सभापति र संसदीय दलको नेता परिवर्तन गर्ने विषयमा रास्वपामा छलफल प्रारम्भ भएको छ। तर, कसलाई दलको नेता बनाउने भन्ने झमेलाले पार्टीमा थप संकट आउन सक्ने नेताहरूको अनुमान छ।

संसद्मा आफ्नो पार्टीका सांसदहरूलाई दिशानिर्देशन गर्नका लागि पनि संसदीय दलको नेताको उपस्थिति आवश्यक भएको रास्वपाका नेता समेत रहेका अधिवक्ता यज्ञमणि न्यौपानेले बताए। पार्टीले नयाँ दलको नेता बनाउनु पर्ने सुझाव दिदै उनले भने, 'आफ्ना सांसदहरूलाई परिचालन गर्ने संसदीय दलका नेताले हो। यसरी अगाडि बढौं भन्नलाई पनि आफ्ना नेता संसद्मा हुनुपर्‍यो। त्यसका लागि दलको नेता नयाँ बनाउनुपर्छ ', उनले भने।

उता एकीकृत समाजवादीका प्रमख सचेतक मेटमणि चौधरीले भने बेठिक र नियतवश भ्रष्टाचारको मुद्दा दायर गरिएकोले अध्यक्ष र दलको नेताबाट माधव नेपाललाई हटाउने बित्तिकै दुश्मनहरूको मनोबल बढ्ने हुँदा अहिले नै जिम्मेवारीबाट हटाउने कुरा नभएको बताए। 'हाम्रो अध्यक्ष तथा संसदीय दलको नेता माधवकुमार नेपालमाथि बेठिक र नियतवश भ्रष्टाचारको मुद्दा दायर गरिएको हो', उनले भने 'त्यसैले हामी दलको नेता र पार्टी अध्यक्ष दुवैबाट हटाउँदैनौ।'

यद्यपि सो दलका सम्मानीत नेता झलनाथ खनालले नेपालमाथि भ्रष्टाचार मुद्दा दर्ता भएकै दिन नैतिकताको प्रश्न उठिसकेपछि अध्यक्ष र संसदीय दलको नेता फेर्नुपर्ने प्रतिक्रिया दिएका थिए।

## न्यायालयमा...

नेपालका प्रत्येक जिल्लामा एक/एक वटा गरी देशभर ७७ वटा जिल्ला अदालत रहेका छन्।

प्रत्येक जिल्ला अदालतमा एक जना जिल्ला न्यायाधीश रहन्छन्। मुद्दाको चाप बढी भएका जिल्ला अदालतमा अतिरिक्त जिल्ला न्यायाधीशहरू रहन्छन्। ति न्यायाधीशहरू न्यायपरिषद्को सिफारिसमा नियुक्ति हुने व्यवस्था छ।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीशको दरबन्दी छ। प्रधानन्यायाधीशको नियुक्ति सिफारिस संवैधानिक परिषद्ले गर्छ। सर्वोच्च अदालतको न्यायाधीशको नियुक्ति सिफारिस भने न्यायपरिषद्ले गर्छ।

यी अदालतहरूमा न्यायाधीश सिफारिस गर्दा समावेशितालाई ख्याल नगरिएको भनेर विधायकहरूले नै प्रश्न उठाएका हुन्।

हालै न्यायपरिषद् सदस्यमा वरिष्ठ अधिवक्ता महेश नेपाल सिफारिस भएका छन्। न्यायपरिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, उच्च अदालत जनकपुरका न्यायाधीश श्रीकान्त पौडेल र उच्च अदालत दिपायलका मुख्य न्यायाधीश शान्तिसिंह थापालाई सिफारिस गरेको छ। यी नामहरूउपर संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढाउने सन्दर्भमा सांसदहरूले न्यायालयमा समावेशिताको खोजी गरेका हुन्।

जनता समाजवादी पार्टीका सांसद प्रकाश अधिकारी न्यायपरिषद्ले चार जना सिफारिस गर्दा पनि समावेशिता नअपनाएको बताउँछन्। उनकाअनुसार सांसदहरूले यो विषय यसअघि पटक-पटक उठाएका छन्। तर न्यायपरिषद्ले विधायकको आवाज नसुनेको वा सुनेर पनि ध्यान नदिएको उनको आरोप छ। उनी अगाडि भन्छन्, 'न्यायाधीश सिफारिस गर्दा समावेशिता ख्याल गरिनुपर्छ। यो विषयमा प्रश्न गरिरहेका छौं, तर सरकारले ध्यान दिइरहेको छैन किन ?'

न्यायाधीश सिफारिसमा समावेशिता नभएको विषयमा न्यायपरिषद्लाई संसदीय समितिमा बोलाउनुपर्ने नेपाली कांग्रेसका सांसद जीवन परियारको प्रस्ताव छ।

उनका अनुसार राज्यका संरचनाहरू कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सबैको आ-आफ्नो क्षेत्राधिकार हुन्छ। न्यायपरिषद्को पनि क्षेत्राधिकार छ। यसअन्तर्गत रहेर सिफारिस भएका व्यक्तिहरूप्रति आफूहरूको गुनासो नरहेको उल्लेख गर्दै उनी थप्छन्, 'तर समावेशिताका प्रश्नहरू उठेका छन्। त्यसैले न्यायपरिषद्लाई समितिमा बोलाएर छलफल गर्न मिल्छ कि मिल्दैन, यो विषयमा विचार गर्नुपर्छ।'

नेकपा माओवादी केन्द्रका सांसद जगप्रसाद शर्मा परियारको प्रस्तावमा समर्थन जनाउँछन्। उनी भन्छन्, 'समावेशिताको विषयमा न्यायपरिषद्सँग छलफल गर्नुपर्छ।'

## इजरायल...

र अन्य यात्रु पनि समस्यामा परेका छन्। व्यापक हवाई अवरोधका कारण इजरायल, यूएई, कतार र टर्कीमा सोमबारसम्म ५ सयभन्दा बढी उडानहरू रद्द वा ढिलाइ भएका छन्।

बृहत् क्षेत्रीय युद्धको डर बढ्दै जाँदा प्रचण्ड गर्मीका बीच त्यस क्षेत्रका यात्रुहरूले व्यापक ढिलाइ, अन्तिम मिनेटमा रद्द गर्नेजस्ता अनिश्चितताको सामना गरिरहेको बताइएको छ। द्वन्द्व क्षेत्रको केन्द्रमा रहेको इजरायलको तेल अभिव नजिकैको बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थलमा उच्च मात्रामा उडान रद्द भएका छन्। इरानले इजरायली हवाई आक्रमणको बदलामा मिसाइल आक्रमण गरेपछि सुरक्षा चिन्ताका कारण शनिबारदेखि उडान प्रभावित भएका हुन्।

डेल्टा एयर लाइन्स र केएलएमले खाडी क्षेत्रमा आफ्नो निर्धारित उडानहरू शतप्रतिशत रद्द गरेका छन्। फ्लाई दुबईले आफ्नो दैनिक ६० प्रतिशतभन्दा बढी उडान रद्द वा प्रभावित भएको बताएको छ। दुबई अन्तर्राष्ट्रिय विमानस्थल र शारजाह विमानस्थलमा ३६२ उडान रद्द भएका छन्।

यूएईको उड्डयन क्षेत्रले सबैभन्दा गम्भीर असर खेपिरहेको बताइएको छ। दुबई अन्तर्राष्ट्रिय विमानस्थलले ८५ उडान रद्द र १८४ उडान ढिलाइ गर्दा कुल २६९ उडानमा अवरोध भएको बताएको छ। यूएईको अर्को प्रमुख विमानस्थल शारजाह अन्तर्राष्ट्रिय विमानस्थलले ३४ उडान रद्द र २३ उडान ढिलाइ गरिएको बताएको छ।

दुबईमा आधारित फ्लाईदुबई सबैभन्दा बढी प्रभावित भएको छ। उसले ६२ उडानहरू रद्द र ५७ उडान ढिलाइ गरेको बताएको छ। एमिरेट्स एयरले १६ उडान रद्द र ८६ उडान ढिलाइ गरेको बताएको छ। एयर इन्डिया, एयर इन्डिया एक्सप्रेस, स्पाइसजेट, साउदिया र रोयल जोर्डनियनले पनि व्यापकरूपमा उडान रद्द गरेको बताएका छन्।

दोहाको हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा पनि जटिलता देखिएको बताइएको छ। दोहामा सोमबारसाँझसम्म २२ वटा रद्द र ८३ वटा ढिलाइसहित जम्मा १०५ उडान प्रभावित भएका छन्। कतारको राष्ट्रिय ध्वजाबाहक कतार एयरवेजले २२ वटा उडान रद्द गरेको बताएको छ। फिनएयर, चाइना साउदर्न, जजीरा एयरवेजले पनि उडान कतौती गरेको बताएका छन्। इजरायल-इरान द्वन्द्वमा कतारले तटस्थ कूटनीतिक अडान कायम राखेको भए पनि बढ्दो क्षेत्रीय अस्थिरता र ओभरफ्लाइट जोखिमले एयरलाइन्सहरूलाई कतारी हवाई क्षेत्र हुँदै मार्गहरू परिवर्तन गर्न वा निलम्बन गर्न प्रेरित गरिरहेको बताएको छ।

इस्तानबुलमा पेगासस एयरलाइन्सले ३४ उडान ढिलाइ र १५ उडान रद्द गरेको बताएको छ भने टर्किस एयरलाइन्सले १० उडान ढिलाइ भएको बताएको छ। घुमाउरो प्रोटोकलका कारणले नियमित हवाई भाडामा वृद्धि गर्नु परेको कतिपय विमान कम्पनीले बताएका छन्। इजरायल र इरानबीचको बढ्दो सैन्य टकरावको अन्त्य नभएसम्म मध्यपूर्वको हवाइ यात्रामा हाल देखिएको चुनौती यथावत् रहने बताइएको छ।

## प्रगतिशील...

व्यवसायीका नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र २ प्रति फोटोसहित प्रतिनिधि पठाउनुपर्ने सूचनामा उल्लेख छ। प्रतिनिधि संकलनका लागि मञ्चले कार्यसमितिका २० जना व्यवसायीलाई खटाएको छ।

राष्ट्र निर्माणको आधार सुरक्षित वैदेशिक रोजगार भन्ने अधिवेशनको मुल नारा तय गरेको मञ्चले वैदेशिक रोजगार क्षेत्रमा सुधारका लागि पार्टीको माथिल्लो पंक्तिमा ध्यानाकर्षण गर्नुपर्ने अवस्था देखिएको अध्यक्ष रावलले बताए। उनले हाल १ हजार ४३ वैदेशिक रोजगार व्यवसायी संस्था रहेकोमा मञ्चको अधिवेशनमा ३५० को हाराहारीमा व्यवसायी सहभागी हुने बताए।

# ३ लाख धरौटीमा छुटे धवल



**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का महामन्त्री एवं सांसद धवल शमशेर जबरा ३ लाख धरौटीमा छुटेका छन्। न्यायाधीश शिवप्रसाद खनालको एकल इजलासले उनलाई धरौटीमा छाड्न आदेश जारी गरेको हो।

गत १५ चैतको तीन कुने घटना प्रकरणमा अनुसन्धान भइरहेका राणालाई उपद्रव व्यवहार, संगठित अपराध र राज्यविरूद्धको कुरमा प्रहरीले ११ जेठमा मुद्दा चलाएको थियो। तर उनि आइतबार सम्म अदालतमा हाजिर नभएपछि पक्राउ पुर्जी जारी गर्ने तयारी थियो। त्यो बुझेर जबरा सोमबार काठमाडौं जिल्ला अदालतमा हाजिर भएका थिए।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र भने अझै सम्पर्कमा छैनन्। गत चैत १५ गते राजावादीहरुले तीनकुनेमा आयोजना गरेको प्रदर्शन हिंसात्मक बनाउन भूमिका खेलेको आरोपमा प्रहरीले मिश्र र राणालाई पक्राउ गरी मुद्दा चलाएको थियो। राणा र मिश्र हाजिरी जमानीमा छुटेका थिए। प्रदर्शनका मुख्य कमाण्डर दुर्गा प्रसाईंसहित ७ जना भने पुर्पक्षका लागि थुनामा छन्।

# निलम्बित मेयर थापा ५० लाख धरौटीमा रिहा

**काठमाडौं/मस-** सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरत थापा धरौटीमा रिहा भएका छन्। सर्लाहीको बागमती नगरपालिकाका निलम्बित नगर प्रमुख थापालाई धरौटीमा छाड्न सर्लाही जिल्ला अदालतले आदेश दिएको छ।

जिल्ला अदालत सर्लाहीका न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले थापालाई ५० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको हो। थापा ५० लाख धरौटी बुझाएर रिहा भएका छन्। उनीमाथि अवैध रूपमा ढुंगा, गिटी



र बालुवा उत्खनन गरी बेचेको र वन ऐनको उल्लंघन गरेको आरोप छ।

४७ लाख घन मिटरभन्दा बढी वन पैदावार हानि नोक्सानी गरेको अभियोग लागेका थापामाथि वन ऐनअनुसार १ अर्ब ४७ करोड ३९ लाख ४३ हजार ३३७ रुपैयाँ ४५ पैसा बिगो दाबी गरिएको थियो।

बागमती नगरपालिकाका निलम्बित नगर प्रमुख भरत थापा, उपप्रमुख लीला कुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल, इन्जिनियर सागर पौडेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीमाथि मुद्दा दाएर भएको थियो।

# एनआरएनए एनसीसी साउदी अरबको दशौं राष्ट्रिय महाधिवेशन जुलाइमा

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, साउदी अरब, २ असार

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद (एनआरएनए एनसीसी) साउदी अरबको दशौं राष्ट्रिय महाधिवेशन आगामी १८ जुलाइ २०२५, शुक्रबारका दिन साउदी अरबको राजधानी रियादमा आयोजना हुने भएको छ।

संघको गत शनिबार बसेको छैठौं नियमित तथा पूर्ण बैठकले महाधिवेशनको मिति तथा कार्यक्रम तय गरेको हो।

बैठकले महाधिवेशनको सम्पूर्ण निर्वाचन प्रक्रिया सम्पन्न गर्नका लागि तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ। उक्त समितिमा राम बहादुर क्षेत्री संयोजकको रूपमा चयन भएका छन् भने भिम गुरुङ र दिनेश न्यौपाने सदस्यका रूपमा रहनेछन्। निर्वाचन समितिले महाधिवेशनमा नेतृत्व चयन प्रक्रियालाई निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गराउने जिम्मेवारी पाएको छ।

महाधिवेशनको सन्दर्भमा संघले साउदी अरबमा कार्यरत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई कार्यक्रममा उपस्थित भइ सहभागिता जनाउन अनुरोध गरेको छ। संघका पदाधिकारीहरूका अनुसार यो अधिवेशनले एनसीसी साउदी अरबमा नयाँ नेतृत्व चयन गर्नुका साथै संगठनलाई अझ सुदृढ बनाउने अवसर प्रदान गर्नेछ।

यसै सन्दर्भमा, संघले २०२५-२०२७ कार्यकालका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदबाट प्राप्त निर्देशन अनुसार २५ जुन २०२५ सम्म मात्र सदस्यता वितरण गरिने स्पष्ट गरेको छ। संघमा आवद्ध हुन चाहने साउदीस्थित सम्पूर्ण नेपालीहरूलाई सो म्यादभित्र अनिवार्य रूपमा सदस्यता प्राप्त गरी आगामी निर्वाचन प्रक्रियामा सहभागी हुन पनि विशेष अनुरोध गरिएको छ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद साउदी अरबले महाधिवेशनको अवसरमा सबैलाई निमन्त्रणा गर्दै, संस्थागत सहभागिता र सहकार्यबाट प्रवासी नेपालीहरूको हकहितका लागि सशक्त भूमिका निर्वाह गरिने प्रतिबद्धता जनाएको छ।

# रहेनन् पूर्वमन्त्री शास्त्री




**काठमाडौं/मस-**नेपाली कांग्रेसका पुराना नेता एवं पूर्वमन्त्री ढुण्डिराज शास्त्री (पौड्याल)को निधन भएको छ। सोमबार बिहान काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा उपचारका क्रममा उनको निधन भएको हो।

वि.सं. १९९३ सालमा अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-८, निमडाँडामा जन्मिएका शास्त्री २०४८ र २०५१ सालको आमनिर्वाचनमा कांग्रेसबाट अर्घाखाँची निर्वाचन क्षेत्र नं. २ बाट विजयी भएका थिए। उनी उद्योग तथा श्रममन्त्री भएका थिए। शास्त्रीले २०१० सालतिर बनारसमा पढ्दादेखि नै कांग्रेस राजनीतिमा सक्रियता जनाएका थिए। भूमिगत अवस्थामा रहेर उनले राजनीतिक कमान्ड सम्हालेका थिए।

शास्त्रीले गत वर्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रदान गर्ने बीपी कोइराला राष्ट्रिय पुरस्कार प्राप्त गरेका थिए।

शास्त्री अर्घाखाँचीका लोकप्रिय नेता थिए। बीपी कोइरालाका अनुयायीका रूपमा उनी समाजवादका व्याख्याता तथा समाजवादी चिन्तक मानिन्थे। २०४६ पछिको कांग्रेस राजनीतिमा गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहका समकक्षी नेता शास्त्री नै थिए। त्यतिबेला कांग्रेसका प्रभावशाली नेता शास्त्रीका निकट र भरपर्दा कार्यकर्ता शेरबहादुर देउवा थिए।

२०५० सालमा शास्त्रीले नेपालका पाँच विकास क्षेत्रलाई आधार मानेर संघीयता घोषणा गर्ने प्रस्ताव ल्याएका थिए। तर २०५६ सालको आमनिर्वाचनमा अर्घाखाँचीबाट टिकट खोसिएको थियो। कांग्रेसको अर्घाखाँची संगठनमा लोकप्रिय नेताका रूपमा चिनिएका शास्त्री ११औं कांग्रेस जिल्ला अधिवेशनमा महाधिवेशन प्रतिनिधिमा पराजित भएका थिए। उनका 'मेरो जीवन र अनुभूति' नामक पुस्तक प्रकाशित छन्। शास्त्रीका श्रीमती, दुई छोरा र दुई छोरी छन्। उनका दुई छोरा विदेशमा रहेका कारण उनीहरू आएपछि मात्रै दाहसंस्कार गरिने छ।

शास्त्रीको पार्थिव शरीर असार ४ गते बिहान ९ बजेदेखि ११ बजेसम्म पार्टीको केन्द्रीय कार्यालयमा श्रद्धाञ्जलीका लागि राखिने छ।

# दिगो पूर्वाधार विकासमा सांसदहरूको जोड



**काठमाडौं/मस–** सांसदहरूले पूर्वाधार विकासमा जोड दिएका छन् ।

नेपाल पूर्वाधार पत्रकार समाजसँगको सहकार्यमा काठमाडौंमा पूर्वाधार विकास समितिले सोमबार आयोजना गरेको नेपालमा पूर्वाधार विकास र संसदीय निगरानी विषयक अन्तरक्रिया कार्यक्रममा संसदको पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंहले आयोजना पार्न र चुनाव जित्नमा सांसदहरू केन्द्रित भइरहेको बताए ।

योजना स्थानीय आवश्यकताभन्दा पनि राजनीतिक इच्छा शक्तिमा आउँदा त्यसको सहि कार्यान्वयन हुन नसकेको सभापति सिंहले बताए । 'आयोजनालाई पार्टी केन्द्रित गर्दा छोटो हुने बाटो लामो बन्न पुगेका छन् । माननीयज्यूहरूले आफ्नै पार्टीको निर्णयलाई गलतलाई गलत भन्न सक्नुपर्छ,' उनले भने ।

कार्यक्रममा पूर्वसचिव एवं पूर्वाधार विज्ञ इन्जिनियर किशोर थापाले पूर्वाधारमा संसदीय निगरानी विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । उनले पूर्वाधार आफैंमा विकास नभइ विकासका लागि पूर्व सर्त भएको बताए । उनले अहिलेको पूर्वाधारमा भइरहेको बजेट विनियोजन अपर्याप्त भएको उल्लेख गरे । 'अहिले पूर्वाधारमा मात्रै २० खर्बको लगानी चाहिएको छ । तर, बजेटले मुस्किलले ४ खर्ब छुट्याउँछ । खर्च भने करिब २ खर्बको हुन्छ । कसरी दिगो विकास लक्ष्य पूरा हुन्छ?' उनको प्रश्न थियो ।

कार्यपत्रमा पूर्व सचिव थापाले आयोजना छनोटका लागि हुने प्रतिस्पर्धादेखि निर्माण सम्पन्नसम्मको पारदर्शितामा संसदीय निगरानी आवश्यक रहेको औंल्याए ।

नीति निर्माताहरूले नीति कै कारण आयोजनामा कहाँ समस्या छ, कसरी सहज बनाउन सकिन्छ सम्मको जानकारी लिन आवश्यक रहेको बताए । आयोजनामा अन्तर निकाय समन्वय र सहकार्यका लागि औंल्याउने निकाय पनि सांसद र संसदीय समिति भएको उनको भनाइ थियो ।

सांसद माधव सापकोटाले स्रोतको उपलब्धता र देशको आवश्यकताका आधारमा आयोजना छनौट गर्ने विषयमा अझै मन्त्रालय हाबी हुने गरेको बताए ।

सांसद ठाकुर गैरेले आयोजना चक्र पूरा गरेर सम्पन्न भएका आयोजना कति होलान् भन्ने तथ्यांक नभएको बताए । उनले २० खर्ब लगानीको आवश्यकतामा ४ खर्ब विनियोजन हुन्छ र योजना चक्र नपुगेका आयोजनमा बजेट विनियोजन हुँदा प्रभावकारिता समस्या भएको बताए चक्रअनुसार मात्र आयोजनाको सुरुवात हुनुपर्नेमा उनको जोड थियो ।

# तिला गाउँपालिकाको वडा नं. ५ बालविवाहमुक्त घोषणा



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २ असार

जुम्लाको तिला गाउँपालिकाको वडा नं. ५ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ । उक्त वडाले एक औपचारिक कार्यक्रम गरी आफ्नो वडाभित्र उमेर नपुगी हुने विवाहलाई रोक्न लगाउने भएको हो ।

२० वर्ष उमेर नपुगी विवाह गर्न नदिने गरेको पाँच वडालाई मंगलबार बालविवाह मुक्त घोषणा गरेको छ । स्थानीयले उमेर नपुगी हुने विवाहलाई बन्देज गर्ने निर्णय गरिनु सकारात्मक भएको भन्दै कार्यान्वयन पक्षलाई बलियो बनाउनुपर्ने बताए ।

यसअघि धार्मिक मान्यताको रुपमा हुँदै आएको बालविवाह पछिल्लो समयमा सामाजिक सञ्जालको दुरुयोग र देखासिकीले बढ्दै आएको पाइन्छ । यसलाई कानुनी अपराध वा घटनाको रुपमा बुझ्न वर्तमान समयको माग भएको स्थानीयहरु बताउँछन् । उक्त पालिकामा ९ वडा छन् । पहिलो पटक तिलाको ६ नम्बर वडालाई बालविवाह मुक्त वडा घोषणा गरिएको थियो । सोमबार ५ नम्बर वडालाई बालविवाह मुक्त वडा घोषणा गरिएको तिला गाउँपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखा प्रमुख गौरी थापाले बताइन् । यो वडाभित्र डोग्री, ढिम्कोट, चुलाकोट र खोली गाउँ गरी चार वटावडा रहेका छन् ।

वडा नं. ५ को बालविवाहमुक्त घोषणा कार्यक्रममा समन्वय प्रमुख गौरी नन्दन आचार्यले बालविवाहको अन्त्यका लागि कानूनी प्रावधानको पालना र समाजमा यसको रोकथामका लागि सबैको दायित्व रहेको बताए ।

उनले बालविवाह गर्ने वा गराउनेलाई सरकारले दिने सेवा सुविधा रोक्नुपर्ने र बालविवाह र बहुविवाह जस्ता कुरीति हटाउनका लागि सबैको दायित्व हुने बताए ।

त्यस्तै यस अभियानमा किडार्क नेपाल र वर्ल्ड भिजन जस्ता संस्थाहरूको सहयोग र समन्वय रहेको तिला ६ का वडाध्यक्ष ललित बहादुर शाहीले बताए । यस अभियानमा सरोकारवाला र स्थानीय र संस्थाहरूको भूमिका अत्यन्तै प्रशंसनीय रहेको छ ।

त्यस्तै अध्यक्ष मोतिलाल रोकायाले नेपाल सरकारले सन् २०३० सम्म बालविवाह मुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य राखेको बताए ।

यसका लागि स्थानीय तहहरूले गैरसरकारी संस्थाहरूको सहयोगमा बालविवाहमुक्त वडा घोषणा गर्दै पालिका मुक्त गर्ने अभियानमा रहेको बताए । उनले बालविवाह मुक्त अभियानमा स्थानीयले खेलेको भूमिका अत्यन्तै प्रशंसनीय रहेको बताए । उनले कानुन अनुसार बालविवाह गरेको पाइएमा कानुनको दायरामा ल्याउने र ताकेको दण्ड पनि गर्ने बताए ।

त्यस्तै गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले यस अभियानमा साथ दिने संघसंस्थाहरुलाई धन्यबाद दिँदै बालविवाह शून्यमा झार्न सबैको उत्तिकै दायित्व हुने बताइन् । उनले केही वडालाई पनि अबको केही समयपछि तिलागाउँपालिकालाई बालबिवाह मुक्त घोषणा गर्ने तयारी भइ रहेको बताइन् ।

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

# वर्षौंको प्रतीक्षा, अझै अलपत्र




**इसत्याक अहमद/मध्यान्ह**
रौटहट, २ असार

८-९ वर्षअघि शिलान्यास भएको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल अहिलेसम्म पनि निर्माणको चरणमा प्रवेश गर्न सकेको छैन । विमानस्थलको काम सुरु नहुनु मधेश प्रदेशका लागि दुर्भाग्यपूर्ण मात्र नभइ विकासको सम्भावनामा गम्भीर अवरोध समेत भएको देखिन्छ ।

यो बीचमा पोखरा अन्तर ाष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (भैरहवा) निर्माण सम्पन्न भइ सञ्चालनमा आइसकेका छन् । तर, नेपाल र मधेशको आर्थिक राजधानी वीरगन्ज नजिकैको यो बहुप्रतिक्षित विमानस्थल किन अलपत्र अवस्थामा रह्यो भन्ने गम्भीर रूपमा प्रश्न उठेको छ ।

वर्तमान सरकारले 'विकासप्रेमी'भन्ने नाराका साथ अघि बढिरहेको दाबी गरेको छ, तर हालै सार्वजनिक भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा निजगढ विमानस्थलको नाम समेत उल्लेख नगरिनु यसप्रति सरकारले देखाएको उपेक्षाको प्रतिक जस्तो भएको स्थानीय बताउँछन् ।

बहुमतको सरकार रहेको अवस्थामा पनि मधेशको यस्तो महत्वाकांक्षी परियोजनालाई बेवास्ता गर्नु मधेश विरोधी प्रवृत्तिको संकेत हो कि भन्ने आशंका जनस्तरमा उठ्न थालेको छ ।

अर्कोतर्फ, मधेशबाट निर्वाचित जनप्रतिनिधिहरूले समेत यस विषयमा पर्याप्त दबाब नदिनु, अझ चिन्ता जनक विषय भएको एक स्थानीयले गुनासो गरेका छन् ।

अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भए बारा, पर्सा, रौतहट,सर्लाही,महोत्तरी,धनुषा, सिरहा र सिंगो मधेशको विकास र रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ ।

# गरुडाद्वारा कृषकको १० लाख विद्युत् महसुल भुक्तानी



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ असार

गरुडा नगरपालिकाले कृषक हितमा एक महत्वपूर्ण कदम चालेको छ । वडा नं. १ देखि ९ सम्मका कृषकहरूले प्रयोग गर्दै आएका कृषि सिँचाइ मिटर हरूको विद्युत् महसुल स्वरूप विद्युत प्राधिकरणलाई १० लाख ३२ हजार ४७९ तिरिदिएको हो । उक्त भुक्तानी आर्थिक वर्ष २०८१/८२ मा बजेटमार्फत सार्वजनिक गरिएका प्रतिबद्धता अनुसार गरिएको हो । यस अन्तर्गत कृषकहरूले पहिलेका वर्षहरूमा बक्यौता रहन पुगेका मिटर महसुल समेत समेटिएको छ ।

नगर प्रमुख कन्थमणि प्रसाद जयसवालले भने, 'हामी कृषि तथा सिँचाइ क्षेत्रलाई उत्पादनमुखी र दिगो बनाउने दीर्घकालीन लक्ष्यसहित काम गरिरहेका छौं। कृषकहरूको हक-अधिकार सुनिश्चित गर्दै, सेवा प्रवाहमा पारदर्शिता कायम राख्नु हाम्रो सर्वोच्च प्राथमिकता हो ।' गरुडा नगर पालिकाले विगतमा पनि कृषकमैत्री नीतिहरू ल्याउँदै सिँचाइ नहर निर्माण, सिँचाइ उपकरण वितरणजस्ता कार्यक्रमहरू अघि सारेको छ । आगामी दिनहरूमा पनि कृषक हितका आवश्यक पहलहरू अझ तीव्र गतिमा अघि बढाइने नगरपालिकाले स्पष्ट पारेको छ ।

# गाउँपालिकालाई एम्बुलेन्स




**रसुवा/मस–** रसुवामा निर्माणाधीन २१६ मेगावाट जडित क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाले आयोजना प्रभावित उत्तरगया गाउँपालिकालाई एम्बुलेन्स प्रदान गरेको छ ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) बायोङ सु मिनले सोमबार गाउँकार्यपालिकाको कार्यालयमा आयोजित कार्यक्रमका बीच एम्बुलेन्सको चाबी गाउँपालिकाका अध्यक्ष माधव प्रसाद अर्याललाई हस्तान्तरण गरे ।

एम्बुलेन्स गाउँपालिकास्थित स्वास्थ्य चौकीले सञ्चालन गर्नेछ। आयोजनाको सामुदायिक सहयोग कार्यक्रमअन्तर्गत विपद्, दुर्घटना एवम् गम्भीर प्रकृतिका रोगबाट प्रभावित घाइते, सुत्केरी लगायतका आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई मानवीय सेवा पुऱ्याउने उद्देश्यले गाउँपालिकालाई आधुनिक सुविधा सम्पन्न एम्बुलेन्स प्रदान गरिएको हो ।

कम्पनीले यसअघि आयोजना प्रभावित अर्को आमाछोदिङमो गाउँपालिकालाई एम्बुलेन्स प्रदान गरिसकेको छ ।

# ट्रकसहित गाँजा बरामद



**धरान/मस–** सशस्त्र प्रहरीले धरान उपमहानगरपालिकामा ठूलो परिणामको मालबाहक ट्रकसहित प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ ।

धरान-१३ स्थित शिवधाराबाट सोमबार ट्रकसहित गाँजा बरामद गरिएको सशस्त्र प्रहरी बलको ४ नम्बर गण सुनसरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक निर्मलकुमार थापाले बताए ।

कोशी लोकमार्गमा रहेको शिवधारमा सशस्त्र प्रहरी बेस क्याम्प धरानबाट सशस्त्र प्रहरी उपरीक्षक सन्जीव पौडेल नेतृत्वको टोलीले धनकुटाबाट आउँदै गरेको प्रदेश १-०२-००२ ख ०८४८ नम्बरको मालबाहक ट्रक चेक गर्ने क्रममा ठूलो परिणामको गाँजा बरामद गरेको हो ।

तस्करहरूले अदुवा र बन्दाकोपी ल्याउने बहानामा ट्रकमा गाँजा लोड गरी तस्करी गरेको सशस्त्र प्रहरी उपरीक्षक थापाले बताए । उनले ट्रकमा लुकाई ल्याइएको ७० बोरा अर्थात् २ हजार १३० केजी गाँजा बरामद गरिएको बताए । त्यस्तै गाँजासँगै ३१ बोरा अदुवा र ६ बोरा बन्दाकोपी पनि बरामद गरिएको थापाले बताएका छन् ।

गाँजा तस्करी गर्ने ट्रकका चालक भने फरार रहेका छन् । ट्रकको कागजपत्रका आधारमा गाँजा तस्करी गर्नेहरूको पहिचान गर्न टोली परिचालन गरिएको थापाले बताए । बरामद गरिएको गाँजा सहितको ट्रक सशस्त्र प्रहरीले आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय धरानमा बुझाइएको छ ।

**साउदीमा रोजगार**
कम्पनी: Mamoula Sweets Company — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०३/०२ — चलानी नं.: ६०२३९६७८ — L.T. No.: 325404

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Staff | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय र क्वालिटी क्याफे काठमाडौंमा २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरामा २०८२ असार १२ गते (26 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PIGEON H.R. SOLUTIONS PVT. LTD.** Govt Lic. No. 1366/074/075
गोंगबु-२६, काठमाडौं, फोन : ०१-४९६५०२२.
Email: pigeonhrsolutions@gmail.com, Website: www.pigeonhr.com

**युएईमा रोजगार**
कम्पनी: ALTAAVI ALTAHABI ELECTROMECHANICAL CONTRACTING LLC — शहर: DUBAI, UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/०२ — चलानी नं.: ६०२३९६७९ — L.T. No.:325528

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Electrician Assistant | 2 | 0 | | 1000 | ३७,४२० | | | | | | |
| 3. | A/C Technician | 1 | 0 | | 1200 | ४४,९०४ | | | | | | |
| 4. | Plumber Assistant | 2 | 0 | | 1000 | ३७,४२० | | | | | | |
| 5. | A/C Assistant Technician | 1 | 0 | | 1000 | ३७,४२० | | | | | | |
| 6. | Electrician | 5 | 0 | | 1200 | ४४,९०४ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**कतारमा रोजगार**
कम्पनी: DR.MAMDOUH FARID HOSPITAL W.L.L — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ — चलानी नं.: ६०२३०३६० — L.T. No.: 316011 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen.clean.worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४५,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १० गते (24 June 2025) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**J.K. OVERSEAS PVT. LTD.** Gov. Lic. No. 1720/081/082
Sukedhara - 4 , Kathmandu, Tel : 01-4548016, Mob.: 9803645644, 9861546458, E-mail: jkoverseasnepal@gmail.com

## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सिसैया, कन्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८२।०३।०३)**

यस कार्यालयबाट निम्न विद्यालयका लागि प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | Construction of 2-Room Building of Siddha Baijanath Secondary School, Bagun, Bedkot-4, Kanchanpur SBS/NCB/BW/081/82-01 | S.A.N. Brothers Nirman Sewa Pvt. Ltd. Dhangadhi, Kailali | NRS. 19,92,440.84 | |
| 2. | Construction of 2-Room Building of Mukti Basic School, Bedkot-5, Kanchanpur MBS/NCB/BW/081/82-01 | Arohi Construction, Bheemdatt-2, Kanchanpur | NRS. 16,09,141.27 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## आठबीस नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**राकम कर्णाली, दैलेख**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/०३**

यस कार्यालयको मिति २०८२/०१/३० मा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचनाअनुसार रितपूर्वक दर्ता हुन आएका विद्युतीय शिलबन्दी दरभाउपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमको विद्युतीय बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४(क) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (मू.अ. कर सहित) | न्युनतम मूल्यांकित कबोल अंक रु (मू अ कर सहित) | बोलपत्र दाताको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| 06/NCB/AM/ICT/2081-082 | Supply Delivery And Installation of ICT Equipment at Janajyoti secondary school of Aathabis, Municipality | रु.४०,८८,६७९.०० | रु. ३५,३०,५७२.०० | श्री E-Achievement Holdings | आयोजना स्थल आठबीस नगर पालिका |

**प्रमुख प्रशासकिय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
३ असार २०८२ मंगलबार
17 June 2025, Tuesday

सम्पादकीय

## कुलिङ पिरियडमा अनावश्यक सक्रियता

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका आ–आफ्नै क्षेत्राधिकार हुन्छन् । एक/अर्कोलाई चेक एण्ड ब्यालेन्स राख्ने विश्वास गरिन्छ । तर नेपालमा शक्ति पृथकीकरणको यो सिद्धान्त व्यवहारमा ठीक ढंगले लागू हुन नसकेका थुप्रै उदाहरण छन् । पछिल्लो उदाहरण हो– संघीय निजामती कर्मचारीको सेवा तथा सुविधा सम्बन्धी विधेयकमा कार्यपालिकाले व्यवस्थापिकामाथि गर्न खोजेको हस्तक्षेप । सोमबार बसेको मन्त्रिपरिषदको बैठकमा कुलिङ पिरियड तत्काल अघि नबढाउने विषयमा छलफल भएको छ । कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को नियुक्ति नलिने भन्ने व्यवस्था हो । प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले अवकाश प्राप्त सरकारी कर्मचारीहरूको कुलिङ पिरियड २ वर्ष रहने गरी विधेयक पारित गरेर प्रतिनिधि सभामा लगेको छ । संसदीय समितिबाट सर्वसम्मत रूपमा पारित भएर अगाडि बढेको प्रावधान सच्याउनेबारे मन्त्रिपरिषद्मा छलफल हुनु गलत हो । एक मन्त्रीका अनुसार मन्त्रिपरिषदमा कुलिङ पिरियडबारे शीर्ष नेताहरूबीच छलफल गर्नुपर्ने कुरा उठेको छ । यसको पक्षमा प्रधानमन्त्री केपी शर्मा ओली र मुख्यसचिव एकनारायण अर्याल नै देखिए । यो व्यवस्थापिकाको कार्यक्षेत्र मिच्ने प्रयास हो ।

कुनै पनि कानुन बनाउने विषयमा नेताहरू छलफलमा बस्न सक्दछन् । तर यसको सीमा हुन्छ । अझ मन्त्रिपरिषदले पारित गरेपछि संसद्मा विधेयक पुग्ने संसदीय अभ्यासमा नेताहरूले छलफल चाहनु नौलो होइन । तर संसद् पुगेर सांसदले अगाडि बढाएको विधेयक मन्त्रिपरिषदले रोक्ने हो भने व्यवस्थापिकाको आवश्यकता र औचित्य के भन्ने प्रश्न आउँछ । यहाँनेर बुझ्नुपर्ने कुरा छ– सरकारले संसद्मा विधेयक दर्ता गर्नु अगाडि राजनीतिक दल वा सरोकारवालाको राय लिन सक्छ । संसद्मा दर्ता गरेपछि राजनीतिक दल वा सरोकारवालासँग छलफल गर्ने वा नगर्ने निर्णय पुर्णतः सांसदहरूको विवेकपूर्ण अधिकार हो । यो विवेकसहित सरोकारवाला र नेताहरू समेतको राय लिएर संसदीय समितिले अगाडि बढाएको कुलिङ पिरियड सच्याउने भनेर मन्त्रिपरिषदमा छलफल हुनुले कार्यपालिकाको दम्भ उजागर गरेको छ । कार्यपालिका नै सर्वेसर्वा ठान्ने मनोविज्ञानले भएको यो प्रयास गलत छ । साथै, कर्मचारीले पनि कुलिङ पिरियड लागू भए अवकाश लगत्तै अर्को संवैधानिक वा कुटनीतिक नियुक्ति नपाउने त्रासमा अनावश्यक सक्रियता देखाउन आवश्यक छैन । किनभने, अवकाश हुनु भनेको शारिरिक रूपमा काम गर्नका लागि अयोग्य रहेको प्रमाण मानिने समाजशास्त्रीय मान्यता हो । यसकारण अवकाश प्राप्त व्यक्तिले राय दिन सक्छन्, निर्णय लिने क्षमता राख्दैनन् भन्ने बैज्ञानिक तथ्यलाई स्विकार्दै निजामति कर्मचारीले अनावश्यक सक्रियता बन्द गरून । मन्त्रिपरिषद्ले पनि व्यवस्थापिकाको स्वतन्त्र अधिकार प्रयोगमा हस्तक्षेपको शृङखला नदोहोऱ्याओस् ।

# व्यापार वृद्धिको उपाय

अग्रलेख



● डा.सुमनकुमार रेग्मी


नेपालको संविधान २०७२ को भाग ४ को राज्यका निर्देशक सिद्धान्तको धारा ५० (३) मा अर्थतन्त्रको मोडेलका बारेमा उल्लेख छ । जहाँ सार्वजनिक, निजी र सहकारी क्षेत्रका सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यका उद्देश्य रहने कुरालाई स्पष्टसँग उल्लेख गरिएको छ ।

विगत ४ दशकभन्दा बढी समयमा अर्थतन्त्रको वार्षिक औसत वृद्धिदर ४ प्रतिशतको न्यून रले हुन पुगेको देखिन्छ । आर्थिक वर्ष २०३६-३७ मा २ दशमलव ३ प्रतिशतका ऋणात्मक वृद्धिदरदेखि आर्थिक आ.ब. २०४०-४१ को १० प्रतिशतको २ बिन्दुको आर्थिक वृद्धिदर हासिल हुनाले अर्थतन्त्रको उच्च उतारचढावलाई पुष्टि गर्दछ ।

सरकारले २०७४-७५, २०७५-७६ र २०७६-७७ भित्र सवा २४ खर्ब रुपैयाँ खर्च गरेर औसत आर्थिक वृद्धिदर ७ प्रतिशत भन्दा पुगाउने महत्वाकांक्षी लक्ष्यका साथ १४औं योजना २०७३-७४ देखि २०७५-७६ सम्म रहेको थियो । १५औं योजना आ.ब. २०७६/७७ देखि २०८०/८१ सम्म कायम रहेको थियो । हालको आ.ब. २०८१/८२ १६औं योजनाको पहिलो हो ।

आ.ब २०७८/७९ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १५ खर्ब, १६ खर्ब र १७ खर्ब भएको थियो । त्यस्तै गरी आ.ब. २०७९/८० मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १६ खर्ब र १७ खर्ब भएको थियो । तर आ.ब २०८०/८१ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १५ खर्ब र १६ खर्ब भएको छ । आ.ब २०८१/८२ को १० महिनामा नेपालको वैदेशिक व्यापार बढ्नुको साथैको साथै व्यापार घाटा १२ खर्ब बढी पुगेको छ भने निकासी रु.२ खर्ब १७ अर्ब भएको छ । यस अवधिमा आयात रु. १४ खर्ब र वैदेशिक व्यापार रु. १६ खर्ब रहेको छ । निकासी ७३ प्रतिशतले बढेको छ । पहिलो र दोस्रो वरीयतामा भटमासको तेल रु. ७३ अर्ब छ भने र सूर्यमुखी तेल १० अर्ब रहेको छ । पहिलो आयातमा वस्तुमा इन्धन पदार्थ रहेको छ ।

वस्तुका निर्यात बढाउन वाणिज्य नीति, २०८० निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८० निर्माण गरेको छ । तर, यसको कार्यान्वयन कमजोर रहँदा वैदेशिक व्यापारमा आयात र निर्यातबिच उच्च अन्तर रहेको छ । वाणिज्य नीति, २०७२ विस्थापित गरी २०८० को व्यापार नीति आएको छ । नीतिगत रणनीति एनटीआइएस २०८१ पनि आएको छ ।




नेपालमा भन्सारमा प्रयोग हुने उपभोग्य वस्तुदेखि महँगा सवारी साधन, इन्धन पदार्थलगायत अधिकांश वस्तुका आयात गर्नुपर्ने अव्यवस्थाका कारण देशको व्यापार जहिले पनि घाटामा रहने गरेको छ । सरकारले सहजकर्ता, प्रेरणादायक र नियामकको भूमिका निभाउँदै निजी क्षेत्रको सहभागिताको अपेक्षा गरेको छ । नेपालको वैदेशिक व्यापारलाई विचार गर्दा भान्सामा प्रयोग हुने सामानदेखि औषधि, सवारी सामान, इन्धन पदार्थ, वस्तुहरू आयात भएका छन् । यसैले सधैं व्यापार घाटा हुने गरेको छ ।

सरकारले सहजकर्ता उत्प्रेरक र नियामकको भूमिका बहन गर्दै निजी क्षेत्रको ठोस सहभागिता बढाउने र विश्व बजारमा मागअनुरूपका तुलनात्मक लाभ र योग्य क्षमता युक्त वस्तुका पहिचान, छनौट, विकास, प्रवर्द्धन र निर्यातका लागि निजी क्षेत्रसँग समन्वय गरिनेलगायतका रणनीति लिई व्यापार घाटा कम गर्ने ध्येयले सरकार अगाडि बढेको भनिएपनि कार्यान्वयन भएको देखिँदैन । व्यवसायी र उद्योगीमा शरण पर्ने समस्याले निकासीमा समस्या पर्न गएको छ ।

*प्रत्येक वर्ष उत्पादन बढ्न नसक्नु, माग र आपूर्तिबिच बढ्दो असन्तुलन, उत्पादन र वितरणबिचको अन्तर्विरोधले आर्थिक क्रियाकलाप सन्तोषजनक हुन सकेको देखिँदैन । साथै, राजनीतिक अस्थिरता, परम्परागत उत्पादन प्रणाली, भूकम्पका असर, कोरोना भाइरसका कारण र संविधान २०७२ आएपछि पनि आपूर्ति व्यवस्थामा भएका अवरोधलगायतका कारण आर्थिक विकासको गति द्रुत गतिमा जान सकेको छैन...*

सरकारले आर्थिक वर्ष २०७४-७५ मा देशको आर्थिक वृद्धिदर ६.५ प्रतिशत हुने अनुमान गरेको थियो । सरकारले देशको आर्थिक वृद्धिदर दुई आर्थिक वर्ष २०७५-७६ र २०७६-७७ मा औसतमा ४.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको थियो । आर्थिक वर्ष २०७३-७४ मा आर्थिक वृद्धिदर ६ दशमलव ९ प्रतिशतले वृद्धि भएको थियो । तर, विश्व बैंकले २०७३-७४ मा नेपालको वास्तविक आर्थिक वृद्धिदर ३.८ प्रतिशत रहेको भनिएको थियो । २०७३-७४ मा अनुकूल मौसम, बिउ विजनको उपलब्धता, विद्युत् आपूर्तिमा सुधार, सहज आपूर्तिलगायत कारणले समग्र आर्थिक स्थिति बलियो भएको हो । आ.ब. २०७७/७८ मा एक दशमलव ५ प्रतिशतको आर्थिक वृद्धि गरिए पनि त्यो भन्दा निकै कम रहने आकलन गरिएको छ । सन् २०८० ।८१ मा आर्थिक वृद्धि २.१ प्रतिशत हुने अन्मारुन छ ।

आर्थिक वर्ष २०७२-७३ मा आर्थिक वृद्धि ०.७७ अनुमान भए पनि ०.०१ प्रतिशतले भएको बताइन्छ । विश्व बैंकले सन् २०१८ मा नेपालको वृद्धि ५ प्रतिशतका दरले र सन् २०१९ मा ४.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको थियो । आर्थिक वर्ष २०६०-६१ देखि २०७३-७४ सम्म १४ वर्षको अवधिमा नेपालको आर्थिक वृद्धिदर क्रमशः ४.४, ३.२, ३.७, २.७५, ५.८, ३.९, ४.२६, ३.८५, ४.६१, ३.७६, ५.७२, २.९७, ०.०१ र ६.९४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७३-७४ को आर्थिक वृद्धिदर ६.९ प्रतिशत आर्थिक वर्ष २०५०-५१ यताकै उच्च थियो । २०५०-५१ मा नेपालको आर्थिक वृद्धि ७.६ प्रतिशत थियो ।

प्रत्येक वर्ष उत्पादन बढ्न नसक्नु, माग र आपूर्तिबिच बढ्दो असन्तुलन, उत्पादन र वितरणबिचको अन्तर्विरोधले आर्थिक क्रियाकलाप सन्तोषजनक हुन सकेको देखिँदैन । साथै, राजनीतिक अस्थिरता, परम्परागत उत्पादन प्रणाली, भूकम्पका असर, कोरोना भाइरसका कारण र संविधान २०७२ आएपछि पनि आपूर्ति व्यवस्थामा भएका अवरोधलगायतका कारण आर्थिक विकासको गति द्रुत गतिमा जान सकेको छैन ।


राष्ट्रिय रेमिट्यान्स नीति तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ । दिगो विकास लक्ष्य एसडीजी प्राप्तिमा निजी क्षेत्रलाई सहभागी गराउन आवश्यक छ । २०७३-७४ मा कूल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको योगदान ५ प्रतिशतमा झरेको थियो । तर, निजी क्षेत्रको योगदान जिडिपीको १४ प्रतिशतसम्म पुगेको थियो । २०८१/८२ को पहिलो तिन महिनामा रेमिट्यान्स अहिलेसम्मको उच्च भनिएको छ ।

नेपालमा जलविद्युत, कृषि, पर्यटन, पूर्वाधारलगायतका क्षेत्रमा लगानीको सम्भावना उल्लेखनीय रहेको हुँदा ती क्षेत्रमा भारतलगायतका लगानीकर्तालाई आकर्षित गर्न पर्ने बताइन्छ । भारत नेपालको ठूलो व्यापारिक र विकासे साझेदार भएकाले नेपालको जलविद्युत, कृषि, पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्न निजी क्षेत्रको साथ लिन आवश्यक छ, । नेपालमै प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारले त्यतातिर ध्यान जान सकेको छैन । स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्न पर्ने आवश्यक देखिन्छ । जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापना गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिन नीति बनाउन आवश्यक छ ।

निर्यातजन्य वस्तु उत्पादनतर्फ जोड दिई निर्यातमा आधारित वृद्धिमार्फत विकास गर्ने रणनीति अनुसरण गरिएको भए ता पनि व्यापार घाटाको उच्च वृद्धिदर तथा निर्यातको सानो आधार र न्यून वृद्धिदरका कारण निर्यातमा आधारित आर्थिक वृद्धि सम्भाव्यता तत्कालका लागि कमजोर नै देखिन्छ । सरकारी तहमा पुँजी निर्माणको कमजोर स्तरका कारण औद्योगिक क्षेत्रमा ठूलो निजी पुँजी आकर्षित गरी निर्यात बढाउन सकिने सम्भावना पनि कम रहेकाले आन्तरिक मागमा आधारित आर्थिक वृद्धि मोडेलमार्फत उच्च आर्थिक वृद्धि गर्न सकिने सम्भावना आकलन गर्न सकिन्छ ।

## इतिहासमा आज

१७ जुन १९८५ मा अन्तरिक्ष यान कार्यक्रम 'एसटिएस-५१-जि मिशन' अन्तरिक्ष यान डिस्कभरीले पहिलो अरब र पहिलो मुस्लिम, अन्तरिक्षमा पेलोड विशेषज्ञको रूपमा सुल्तान बिन सलमान बिन अब्दुलअजीज अल साउदलाई बोकेर प्रक्षेपण गरेको थियो ।



१७ जुन १९८७ मा अँध्यारो समुद्री किनारको भँगेराको मृत्युसँगै सो समूह पृथ्वीबाट लोप भएको थियो ।



१७ जुन १९८९ मा बर्लिन शोनेफेल्ड विमानस्थलबाट अस्वीकृत उडानको क्रममा इन्टरफ्लग उडान १०२ दुर्घटनाग्रस्त भयो । जसमा २१ जनाको मृत्यु भएको थियो ।



१७ जुन १९९१ मा दक्षिण अफ्रिकी संसदले जन्मको समयमा सबै दक्षिण अफ्रिकीहरूको जातीय वर्गीकरण आवश्यक पर्ने जनसंख्या दर्ता ऐनलाई खारेज गरेको थियो । जसले रंगभेदलाई अस्वीकार गरेको थियो ।




## सामाजिक सञ्जाल



**रोशन सिवाकोटी**

'राजाको पालामा पढ्न पाइँदैनथ्यो ?' तर, तथ्यः नेपालका ९० प्रतिशत सार्वजनिक स्कुल कलेज र अस्पताल पञ्चायत कालमा बनेको हो । ०४६ पछि निजी शिक्षा, स्वास्थ्य र रियल स्टेट क्षेत्रमा उल्लेख्य वृद्धि भएको अर्को सत्य हो । यसमा सरकार, व्यवस्था होइन, वैदेशिक रोजगारी मूल कारक हो । ०४६ पछि उत्पादन क्षेत्र निरन्तर नकारात्मक छ ।




**लोकेश ढकाल**

'अनलाइनमा प्रकाशित समाचार हटाउन अदालतले आदेश दिएको विषयमा असहमति जनाउँदै पत्रकार दिल भूषण पाठकविरुद्धको पक्राउ पुर्जी खारेज गर्न ३५ जना सम्पादकहरूले माग गर्दै जारी विज्ञप्तिको स्वागत गर्दछु । स्वतन्त्र प्रेसको मर्म, संविधान र कानुनको अधीनमा रहेर मात्र निर्णय वा आदेश होस् ।



**गणेश कार्की**

निर्वाचन परिणामपछिदेखि नै संसदमा एक्लै भए पनि चरित्रमा उभिऊँ, पुरानासँग मिल्दै नमिलौं भनिराख्ने मजस्ताका लागि संसदमा रास्वपा एक्लै पर्दा उत्सवको समय हो । चरित्र, विचार र आदर्शमा उभिने हो भने एक्लो हुनुको मज्जा हुन्छ ।त यही एक्लोपन मात्र पनि आफूलाई विश्वास गर्नेहरू प्रतिको सम्मान हुन्छ ।



**माइक बुढाथोकी**

सामाजिक सञ्जालमा सर्वसाधारणहरूले नेताहरूलाई गरेको गाली, पढ्दा नेताहरूसँग उभिन र हिँड्न पनि लाज लाग्ने अवस्था छ । तिनीहरूका परिवार र आफन्तहरूलाई हामीलाई जस्तै लाज लाग्दैन होला त ? शिक्षित छोराछोरीहरूले आफ्नो बा-आमालाई सम्झाउनु नि !

# सनातन सभ्यता र अहिलेको नेपाल

विचार



● पी.आर. भट्टराई

*हामी भन्छौं – नेपाल बौद्धभूमि हो, योगीहरूको भूमि हो, ऋषिमुनिहरूको तपोभूमि हो, तर आज ती आधारहरू केवल पर्यटनमा प्रयोग हुने वाक्य बन्न पुगेका छन् । यिनको चेतनासँग हाम्रो समाजको सम्पर्क टाढिँदैछ...*

नेपालको इतिहासको गहिराइमा पुग्दा हामी सनातन सभ्यताको अमिट छायाँ भेट्छौं । नेपालको सामाजिक, सांस्कृतिक, धार्मिक र दार्शनिक आधार यही सनातन संस्कार र मूल्यमा निर्माण भएको हो भन्नेमा कुनै दुईमत छैन । यो केवल धार्मिक अभ्यासको कुरा होइन, जीवनशैलीको संरचना हो – जहाँ प्रकृति, मानिस र परमसत्ताबिचको सम्बन्ध सन्तुलित ढंगले निर्माण भएको छ । आजको नेपाल जति नै आधुनिकताको पथमा अग्रसर हुँदैछ, त्यति नै तीव्र गतिमा यो सनातन सभ्यताको मूल्यबाट टाढा हुने खतरा पनि देखिन्छ । यस्तो अवस्थामा हामीले आत्मसमीक्षा गर्न जरुरी छ – हामी कहाँ छौं ? कहाँ गइरहेका छौं ? र, के बिर्सदैछौं ?

सनातन भन्नाले सुरूवातविहीन र अन्त्यविहीन जीवनदर्शन जनाउँछ । यसको केन्द्रीय भाव हो- सत्य, अहिंसा, सहिष्णुता, आत्मचिन्तन र लोककल्याण । नेपालमा युगौंदेखि चलेको जीवनशैलीमा वेद, उपनिषद्, पुराण, रामायण, महाभारतका आदर्श गुम्सिएका छन् । काठमाडौं उपत्यकामा रहेका प्राचीन मन्दिरहरू, आस्था र परम्पराको निरन्तरता, जात्रा, संस्कार, संस्कृत भाषा र वैदिक कर्मकाण्ड यसको प्रत्यक्ष प्रमाण हुन् । नेपालको राष्ट्रिय चिनारीको एउटा मूल जरा यही सनातन मूल्यमा गाडिएको छ ।

हिमाल, पहाड, तराईमा फैलिएको नेपाली समाज विविध धर्म, जात, भाषा, संस्कृतिबीचको सहअस्तित्वको सुन्दर रूप हो । हिन्दूत्वको प्रभावसँगै बौद्ध संस्कार, किराँत धर्म, बोन परम्परा, इस्लाम र इसाई धर्मका अनुयायी पनि नेपालमा छन् । तर, यो विविधता पनि सनातन सभ्यताको आत्मसात गर्ने विशेषता हो, जहाँ सहिष्णुता प्रधान हुन्छ, जहाँ 'सर्वधर्म समभाव' को भावना बलियो हुन्छ ।

आजको नेपाल लोकतान्त्रिक व्यवस्थाअन्तर्गत संविधानले 'धर्म निरपेक्षता'लाई औपचारिक मान्यता दिएको मुलुक हो । तर, धर्म निरपेक्षता भन्नाले धर्मको विरोध होइन- सबै धर्मप्रति समान दृष्टिकोण राख्ने नीति हो । सनातन परम्परा कुनै समय पनि अन्य धर्मको विरोधमा उत्रेको छैन, न त कसैको आस्थामाथि चोट पुऱ्याउने प्रयास गरेको छ । त्यसैले, धर्म निरपेक्षताको वर्तमान अवधारणाले पनि सनातन सभ्यताको आत्मा बोक्न सक्छ, यदि त्यसको अभिप्राय सहिष्णुता, सद्भाव र विविधताप्रति सम्मान हो भने ।

तर, चुनौती यहाँबाट शुरू हुन्छ । अहिलेको नेपालमा यो सभ्यता केवल तीज, दशैं, होली, दीवाली जस्ता पर्वमा सीमित बन्न थालिएको छ । सनातन संस्कार जीवन पद्धतिमा गुम्न थालेको छ । युवाहरूमा धर्म र संस्कृति अध्ययन गर्ने जिज्ञासा घट्दो छ । संस्कृत, वेद, योग, आयुर्वेद जस्ता परम्परागत ज्ञानप्रणालीलाई आधुनिक शिक्षाले महत्व नदिँदा ज्ञानको मूल स्रोतसँगैको सम्बन्ध टुट्दै गएको छ । प्रविधिको बढ्दो प्रभावसँगै आस्था कृत्रिम प्रदर्शनमा सीमित हुन थालेको छ – मूल आत्मा नभएर केवल स्वरूप मात्रै बाँकी जस्तो अनुभूति हुन्छ ।

हामीले प्रविधि र विकासको अर्थ केवल पश्चिमी मोडलको नक्कल गर्न थालेपछि आत्म-पहिचान संकटमा पर्न थालेको छ । 'आधुनिक बन्नु भनेको परम्परा भुल्नु हो' भन्ने गलत मान्यता फैलिन थालेको छ । शिक्षा, प्रशासन, न्याय प्रणाली, चिकित्सा पद्धति – सबै क्षेत्रमा पश्चिमी ढाँचा हावी हुन थालेपछि हजारौं वर्ष पुरानो हाम्रो ज्ञान परम्परा हेपिएको अनुभूति हुन्छ । तर, यो ज्ञान परम्परामा न केवल जीवनशैलीको वैज्ञानिकता छ, मानसिक शुद्धता छ, प्रकृतिप्रतिको श्रद्धा छ – जुन आजको विश्वले पनि पुनः अँगाल्न थालेको छ ।

पछिल्ला वर्षहरूमा भारतमा योग र आयुर्वेदलाई विश्वव्यापी बनाएर प्रस्तुत गरिएको छ । गीता र वेदको शिक्षालाई नेतृत्व विकास, कूटनीति र समग्र मानव कल्याणसँग जोडिएको छ । नेपालले पनि यही बाटो अँगाल्न सक्थ्यो – तर, त्यसतर्फ पर्याप्त ध्यान नदिएको देखिन्छ । नेपालमै जन्मिएका महर्षिहरू, योगीहरू, वैद्यहरू, शिल्पीहरूका योगदानहरू इतिहासको कुनामा थन्क्याइएका छन् ।

नेपाललाई आत्मनिर्भर, सभ्य र सुदृढ बनाउन हो भने सनातन सभ्यताको सारतत्त्वलाई सम्हाल्नैपर्छ । यो केवल परम्पराको बचाउ होइन, भविष्यको निर्माण हो । मूल्यमान्यता बिना राष्ट्र बलियो बन्न सक्दैन । सनातन सभ्यताको मूल्यमान्यता – सत्य, कर्तव्य, सेवा, सदाचार, प्रकृतिप्रेम, पारिवारिक एकता, ज्ञानप्रतिको श्रद्धा, पवित्रता – आजको राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा गुम्न नदिनु हाम्रो साझा कर्तव्य हो ।

हामी भन्छौं – नेपाल बौद्धभूमि हो, योगीहरूको भूमि हो, ऋषिमुनिहरूको तपोभूमि हो, तर आज ती आधारहरू केवल पर्यटनमा प्रयोग हुने वाक्य बन्न पुगेका छन् । यिनको चेतनासँग हाम्रो समाजको सम्पर्क टाढिँदैछ । हामीले स्कूलमा ऋग्वेदका ऋचाहरू पढ्दैनौं, हाम्रो न्यायिक प्रणाली मनुस्मृति वा नारद संहितासँग सम्पर्कहीन छ । जबसम्म सनातन सभ्यताको मूल चेतनालाई शिक्षा, नीति, समाज र जनजीवनसँग पुनः जोड्न सकिँदैन, तबसम्म हामी केवल खोक्रो गौरवमा रमाइरहनेछौं ।

अन्ततः, नेपालको भविष्यको यात्रामा सनातन सभ्यताको सारतत्त्व सँगै लान सकियो भने मात्र साँचो राष्ट्रिय पुनर्जागरण सम्भव छ । यो पुनर्जागरण आधुनिकता र परम्पराको सन्तुलनमा आधारित हुनुपर्छ – जसले आत्मनिर्भरता, सामाजिक सद्भाव र वैचारिक स्थायित्व दिन सकोस् । सनातन केवल भूतको स्मृति होइन, वर्तमानको आधार र भविष्यको सम्भावना हो – त्यसलाई बिर्सनु भनेको आफ्नो जरा आफैँले काट्नु हो ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# 'स्थानीय उत्पादन प्रवर्द्धनमार्फत रोजगारी वृद्धि गर्ने सरकारको नीति'

**काठमाडौं/मस–** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले सरकारले स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्दै रोजगारी सिर्जना गर्ने स्पष्ट नीति अवलम्बन गरेको बताएका छन् । ललितपुर महानगरपालिकाद्वारा आयोजित चौथो महिला उद्यमी सम्मेलनमा बोल्दै मन्त्री भण्डारीले महिला उद्यमशिलतालाई प्राथमिकतामा राखिएको उल्लेख गर्दै महिलाद्वारा सञ्चालित उद्यममा कर छुटको व्यवस्था गरिएको जानकारी दिए ।




'वर्तमान सरकारले ल्याएको बजेटमा उद्यमशिलतालाई प्राथमिकता दिइएको छ,' मन्त्री भण्डारीले भने,'उद्योग मन्त्रालयले प्रस्ताव गरेका ३१ वटा कार्यक्रम बजेटमा समावेश गरिएका छन् ।'

उनका अनुसार नवप्रवर्तनमा आधारित उद्यम स्थापना गर्न चाहनेलाई लक्षित गर्दै आगामी आर्थिक वर्षका लागि ७३ करोड रुपैयाँ स्टार्टअप कर्जाका लागि विनियोजन गरिएको छ । त्यसैगरी, दलित महिला उद्यमीलाई लक्षित गर्दै 'भगत सर्वजीत महिला उद्यमशिलता कार्यक्रम' सञ्चालनमा ल्याइएको जानकारी पनि दिए ।

मन्त्री भण्डारीले सार्वजनिक निकायहरूलाई स्वदेशी उत्पादनको प्रयोग गर्न निर्देशन दिइसकिएको उल्लेख गर्दै यस्तो अभ्यासले स्थानीय उत्पादन, सीप र श्रमलाई प्रत्यक्ष लाभ पुग्ने बताए । उनले भने, 'सार्वजनिक निकायहरूले स्वदेशी उत्पादनको प्रयोग गरेमा आर्थिक चक्र देशभित्र घुम्छ । त्यसैले म ललितपुर महानगरलाई आग्रह गर्छु । सातामा कम्तीमा तीन दिन स्वदेशी लुगा अनिवार्य रूपमा प्रयोग गरियोस् ।'

नेपालमै उत्पादन हुने कोदोको मदिरा प्रयोगसम्बन्धी सरकारले गृहकार्य अगाडि बढाइरहेको मन्त्री भण्डारीले जानकारी दिए । साथै, स्वदेशी उत्पादनको गुणस्तर वृद्धिसँगै निर्यात प्रवर्द्धन गर्न उद्यमीहरूलाई आग्रह गरे ।

कार्यक्रमकी अध्यक्ष तथा ललितपुर महानगरपालिकाकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले हालै सरकारद्वारा ल्याइएका नीति स्वागतयोग्य रहेको बताउँदै महानगरले ती नीति कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ललितपुर देशकै पहिलो नगरपालिका भएकाले अन्य नगरपालिकाभन्दा फरक ढंगले काम गर्दै आएको उल्लेख गर्दै उद्यमशीलता प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए ।

---

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र
ठिमी, भक्तपुर

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०३/०३**

यस केन्द्रको लागि मिति २०८१।१०।२२ गतेको The Kathmandu post दैनिकमा प्रकाशित Procurement of medicine of tuberclosis for TBPT का लागि IFB-No-11:/NTCC/G/ICB/06/2081-82 सम्बन्धी बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रमध्ये Slice no. 4 का लागी न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतीका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावी विरोध भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

| Slice No. | Name of Bidder | Address | Accepted amount |
|---|---|---|---|
| 4 | Macleods Pharmaceuticals ltd. India | 304, Atlanta Arcade Marol Church Road Andheri (East) Mumbai: 400059 Maharashtra, India | USD 45,817.5 |

---

## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

### आ.व. २०८२/२०८३ को लागि आन्तरिक आय संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/०३**

यस कार्यालयले आर्थिक वर्ष २०८२/८३ को लागि नेपालको संविधानको अनुसूचि ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका देहाय बमोजिमका आन्तरिक आय संकलनका क्षेत्रहरुबाट कर तथा भाडा संकलनका लागि सिलबन्दी दरभाउपत्र बन्दोबस्त गर्नुपर्ने भएकाले यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ ।

देहाय

| क्र. सं. | दरभाउपत्र नम्बर | दरभाउपत्रको शीर्षक | बार्षिक न्यूनतम अङ्क (मू.अ.कर बाहेक) रु. |
|---|---|---|---|
| १ | १/२०८२/८३ | पशुचौपाया विक्री वितरण तथा निकासी पैठारी | ७,२६,०००.०० |
| २ | २/२०८२/८३ | रामपुर बजार साप्ताहिक हाटबाट कर संकलन | २,००,०००.०० |
| ३ | ३/२०८२/८३ | कवाडी कर संकलन | १,००,०००.०० |
| ४ | ४/२०८२/८३ | लालबजार सुपाडे र शिखरमाडी साप्ताहिक हाटबजार कर संकलन | १,१०,०००.०० |
| ५ | ५/२०८२/८३ | पुरन्दह र गलफडीया बजार साप्ताहिक हाट कर संकलन | २०,०००.०० |
| ६ | ६/२०८२/८३ | आम्बासी बजार साप्ताहिक हाट बजार कर संकलन | १०,०००.०० |
| ७ | ७/२०८२/८३ | विज्ञापन कर संकलन | ७५,०००.०० |
| ८ | ८/२०८२/८३ | बानडाँडा हाट बजार कर संकलन | ४२,५००.०० |
| ९ | ९/२०८२/८३ | सिटीहल भाडा संकलन | ६०,०००.०० |
| १० | १०/२०८२/८३ | खसी बोका संकलन केन्द्र | ६०,०००.०० |

अन्य थप जानकारीको लागि कार्यालयको वेवसाईट www.belakamun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

---

### लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०३/०३**

यस सा.व.उ.स बाट संकलित साल गोलिया काठ ७३६.२५ क्यू.फिट र साल दाउरा २.५ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**खड्गदेवी सा. वन उपभोक्ता समूह, व्यास ८, तनहूँ ।**

---

**युएईमा रोजगार**
कम्पनी : KAANE AMERICAN INTERNATIONAL TOBACCO COMPANY FZE — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/०१ — चलानी नं.: ६०२३९६६६ — L.T. No.: 325686

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accounting clerk/general | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2150 | ८०,४५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | office clerk general | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2150 | ८०,४५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROTARY OVERSEAS PVT. LTD.** — Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, 9818216982, 9851035262, 9815066489
9820256789, 9702026500, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

---

## हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

### बोलपत्र रद्द गरिएको सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति:२०८२/०३/०३**

यस कार्यालयबाट मिति २०८२/०२/२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा Construction of Asphalt Concreat Road From Jalpapur Simana to Syphon Nahar, ठेक्का नं. HRM/WORKS/C/NCB/03/2081/082 को लागि बोलपत्र आह्वान गरिएको र उक्त ठेक्काको लागि तोकीएको समयसिमा भित्र २ वटा प्रस्तावहरु परेको भएतापनी मूल्याङ्कनको क्रममा उक्त योजना पूर्वाधार विकास कार्यालय, भौतिक पूर्वाधार मन्त्रालय, कोशी सरकारले निष्काशन गरेको ठेक्कासँग Overlap भएको पाइएकाले हालका लागि उक्त योजनाको काम गर्न आवश्यक नदेखिएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ को उपदफा १ (ग) मा भएको ब्यबस्था बमोजिम यस कार्यालयको मिति २०८२/०२/२९ गतेको निर्णयानुसार ठेक्का रद्द गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

---

### अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**प्रकाशित मिति : २०८२/०३/०३**

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको मालवस्तुहरुको खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| सि. नं | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विकी मूल्य (MRP) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | 57.5cmx68.0cmx1.22M | PALSONIC | PLC-207SDMA | 190 Ltr. | India | Pcs | 28000.00 | 28000.00 | |
| 2 | Refrigerator | 57.5cmx68.0cmx1.22M | PALSONIC | PLC-207SDRA | 190 Ltr. | India | PCS | 28000.00 | 28000.00 | |

**ए.जि.आर. इण्डस्ट्रीज प्रा.लि.**
**नयाँबाटो, ललितपुर**

**स्थायी लेखा नं. ६०५९३३२७५**
**फोन नं. ९८०१८९९९०**

---

## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल

### चौतारा साागाचोकगढी नगरपालिकाको आन्तरिक आय ठेक्का सम्बन्धी आशयको सूचना

**(प्रकाशित हुने मिति : २०८२/०३/०३ गते)**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयले स्थानीय सरकार संचालन ऐन, २०७४, बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८१ तथा नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ र चौतारा साँगाचोकगढी नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) मा भएको व्यवस्था बमोजिम आ. व. २०८२/०८३ मा तपशिलमा उल्लेखित ठेक्का शिर्षकहरुको आय संकलनलाई ठेक्काद्वारा व्यवस्थित गर्नको लागि मिति २०८२/०१/२५ गते यस कार्यालयबाट विद्युतिय दरभाउपत्र माग भएकोमा मिति २०८२/०२/२६ गते खोलिएका दरभाउपत्रहरु मध्ये सबै भन्दा बढी कबोल अंक भएको दरभाउपत्रलाई आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुसार तपशिलका दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिने प्रयोजनार्थ ७ (सात) दिनको आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल

| सि. न. | आन्तरिक आय ठेक्का विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | स्वीकृत ठेक्का रकम (मुल्य अभिवृद्धि कर बाहेक) |
|---|---|---|---|
| १. | **आय ठेक्का नं. २/२०८२/०८३,** सुनकोशी नदी सुनकोशी नदीको साँगाचोकको सिम्ले देखि बलेफी सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) बापतको आय संकलन | श्री पब्लिक कन्स्ट्रक्सन, काठमाण्डौ | रु. ३,२१,९९,११४.१६ (तिन करोड एक्काइस लाख उनान्सय हजार एक सय चौध रुपया सोह्र पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

---

**साउदीमा रोजगार**
कम्पनी: SEA STORY FOUNDATION — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/०२ — चलानी नं.: ६०२३९६४९ — LT. No.:325720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | स. काममा दक्ष | 1500 | ५४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MOHAMMED BIN SULEIMAN BIN ABDULLAH AL-SALIHI OPTICALS ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/०२ — चलानी नं.: ६०२३९६४८ — LT. No.:325719

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** — Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

**साउदीमा रोजगार**
कम्पनी: NUJUM AL MAARIF PRINTING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/०२ — चलानी नं.: ६०२३९६६० — L.T. No.:325709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Photocopies Assembly Worker | 2 | 0 | स. काममा दक्ष | 1400 | ५१,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.** — श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४९८८३८०, ४९८२५३३, फ्याक्सः ४९८८३८१

**युएईमा रोजगार**
कम्पनी : PROFILE RECRUITMENT SOLE PROPRIETORSHIP LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति:२०८१/०७/०९ — चलानी नं.:६०२२७१३३ — LT. No.:312713 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 119 | 0 | स. काममा दक्ष | 800 | २९,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १० देखि २४ गतेसम्म (24 June to 8 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NEPAL MANPOWER PVT. LTD.** — Govt.Lic.No. 1099/073/074
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9841553820,9741662084,9808903720, 9741662083, 9851167990 9741662082.
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np

**कुवेतमा रोजगार**
कम्पनी: MERO LINE RESTAURANT COMPANY — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०३/०२ — चलानी नं.: ६०२३९६५५ — LT. No.: 325725

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 7 | 10 | स. काममा दक्ष | 120 | ५३,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.** — Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
३ असार २०८२ मंगलबार
17 June 2025, Tuesday

# श्रेष्ठको 'भावनाका लहरहरू' लोकार्पण



काठमाडौं/मस- बालकविता संग्रह 'भावनाका लहरहरू' सार्वजनिक गरिएको छ । ओखलढुंगाकी कवयित्री कवयित्री रेणुका श्रेष्ठद्वारा रचित उक्त संग्रहको लोकार्पण नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य एवं लोकार्पण कार्यक्रमका प्रमुख अतिथि चेतनाथ धमलाले गरेका हुन् ।

प्राज्ञ धमलाले 'भावनाका लहरहरू' कृतिले बालबालिकाको बालमनोविज्ञानलाई आत्मसात् गर्दै उत्साह प्रदान गरेको उल्लेख गरे । कृति समाजका साहित्यिक, सांस्कृतिक र सामाजिक लगायतका पक्षमा बालबालिकाको भावनाअनुरूप चित्रित भएको भन्दै उनले 'भावनाका लहरहरू' बालकविता संग्रह बालबालिकाका लागि उपयोगी, सरल र सटीक रहेको बताए । कवयित्री रेणुका श्रेष्ठको पहिलो कृति नै विधागत रूपमा स्तरीय रहेको उनले बताए ।

कार्यक्रममा अतिथि स्रष्टाहरू गणेशकुमार श्रेष्ठ, दिव्यदेव गिरी र गोपाल भित्रीकोटीले शुभकामना मनतव्य राखेका थिए । कार्यक्रमका सभाध्यक्ष तथा भावनाका लहरहरू बालकविता संग्रहका सर्जक श्रेष्ठले आफूले बालबालिकाको मनोभावनाअनुसार कविता रच्ने प्रयत्न गरेको बताइन् ।

श्रेष्ठले आफ्ना पिता साहित्यकार बाबुराम श्रेष्ठ र उपन्यासकार बहिनी पार्वती श्रेष्ठको प्रभाव र प्रेरणाले कविता लेखनको थालनी गरेको बताइन् । भावनाका लहरहरूमाथि साङ्गोपाङ्गो कृति समीक्षा कवि पार्थिवराज पाण्डेले गरेका थिए ।

कार्यक्रममा उपन्यासकार पार्वती श्रेष्ठले स्वागत मनतव्य र उपन्यासकार पार्वती श्रेष्ठले र कार्यक्रमको सञ्चालन ओखलढुंगा पत्रकार समाजका सदस्य, आदर्श खबर मासिकका सञ्चालक टीकादास श्रेष्ठले गरेका थिए । उक्त कृतिको प्रकाशन समाजसेवी गोपालकुमार श्रेष्ठले गरेका हुन् । शिक्षण पेसामा आबद्ध कवयित्री रेणुका श्रेष्ठको उक्त कृति पहिलो हो ।

## 'काठमाडौं फेसन वीक'को व्यवस्थापनको जिम्मा नेक्स्ट मोडल्सलाई



काठमाडौं/मस- चर्चित फेसन शो 'काठमाडौं फेसन वीक'को व्यवस्थापन अब नेक्स्ट मोडल्स नेपालले गर्ने भएको छ । यस विषयमा आयोजक फेसन डिजाइनर सेन्टर (एफडीसी) नेपाल र नेक्स्ट मोडल्स नेपालबीच आगामी सिजनदेखि सहकार्य गर्ने सम्झौता भएको हो ।

फेसन डिजाइनरहरूको समूह 'फेसन डिजाइनर सेन्टर (एफडीसी) नेपाल'ले गत वर्षदेखि वार्षिक दुई पटक 'काठमाडौं फेसन वीक' आयोजना गर्दै आएको छ ।

यस फेसन शोले संस्कृति र परम्परालाई विशेष जोड दिँदै पर्यटन प्रवर्द्धनलाई मुख्य प्राथमिकतामा राखेको छ । नेपाली डिजाइन र मोडलहरूको मात्र सहभागिता रहने यस कार्यक्रमको मुख्य उद्देश्य नेपाली डिजाइनरहरूलाई सहयोग र प्रवर्द्धन गर्नु हो ।

नेक्स्ट मोडल्स नेपालका सीईओ रवि धमलाले यसपटकबाट 'काठमाडौं फेसन वीक'लाई नेपालकै सबैभन्दा भव्य फेसन शो बनाउने योजना रहेको बताए ।

'हामीले गर्दै आएको कामको गुणस्तरलाई हेरेर एफडीसीले यो जिम्मेवारी दिएको हो,' धमलाले भने, 'कार्यक्रमलाई उत्कृष्ट बनाउन हामी कुनै कसर बाँकी राख्ने छैनौं ।'

नेक्स्ट मोडल्स नेपालले यसअघि 'मिस्टर नेपाल', 'मोडल हन्ट नेपाल', 'मिस नेपाल पिस' र 'डिजाइनर्स रनवे' जस्ता प्रतिष्ठित कार्यक्रमहरू आयोजना गरिसकेको छ । 'काठमाडौं फेसन वीक'को आगामी सिजनबारे केही दिनपछि एक कार्यक्रममार्फत औपचारिक घोषणा गरिने बताइएको छ ।

### लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/03/03**

यस सा.व.उ.स. बाट संकलन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँबाट सा.व.उ.स. मा फिर्ता भएको समेत साल गोलिया काठ ६४४.१८ क्यू.फिट र साल दाउरा १ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**लम्के सा.वन उपभोक्ता समूह**
भानु १३, तनहूँ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/03/03**

**सिल्भरएज फिल्म स्टुडियो** को मिति २०८१/१२/२५ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि. एस. इन्टरनेशनल स्टुडियो (प्रा.लि. नं.: ३५४६०९)** कायम गर्ने गरी मिति २०८२/०१/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### आयुर्वेद तथा वैकल्पिक चिकित्सालय निर्माणको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मितिः२०८२/03/03**

बागमती प्रदेश, सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ७ मा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, हेटौडाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय<br>ठेगाना: हेटौडा, बागमती प्रदेश नेपाल<br>फोन नं.: ०५७- ५२३८५७<br>ईमेल : mosd@bagamati.gov.np |
| प्रस्तावको व्यहोरा | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय निर्माणको संक्षिप्त वातावरणीय अध्ययन |
| प्रभाव पर्न सक्ने क्षेत्र | बागमती प्रदेश, सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ७ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली र साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्र कमलामाई नगरपालिका, वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय<br>ठेगाना: हेटौडा, बागमती प्रदेश नेपाल<br>फोन नं.: ०५७- ५२३८५७<br>ईमेल : mosd@bagamati.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | प्लानिभ्रस इन्जिनियरिंग कन्सल्टेन्ट प्राइभेट लिमिटेड,<br>ठेगाना: वानेश्वर, काठमाडौँ |

### सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
### ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०३/०३**

यस बैंकको औरही शाखा कार्यालयबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक ताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान गर्नु हुन यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीहरुको नाम र ठेगाना**

१. श्री लखन चौधरीको नाती, श्री भोला चौधरी /श्रीमती लालो देवीको छोरा, श्रीमती रेखा देवी चौधरीको पति, मधेश प्रदेश, महोत्तरी जिल्ला औरही गाविस वडा नं. ५ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २, बस्ने **राज कुमार चौधरी** (ना.प्र.नं. ०३३५२८०५, जारी मिति २०४९/१२/२६, जि.प्र.का महोत्तरी)

२. श्री भोला चौधरी /श्रीमती लालो देवीकी बुहारी, श्री चन्द्र देव चौधरी /श्रीमती दुलारी देवी चौधरीकी छोरी, श्री राज कुमार चौधरीको पत्नी, मधेश प्रदेश, महोत्तरी जिल्ला औरही गाविस वडा नं. ५ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बस्ने **रेखा देवी चौधरी** (ना.प्र.नं. १८३०६४/६० जारी मिति २०६३/११/०३, जि.प्र.का महोत्तरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री भोला चौधरी /श्रीमती लालो देवीको नाती, श्री राज कुमार चौधरी/श्रीमती रेखा देवी चौधरीको छोरा, मधेश प्रदेश, महोत्तरी जिल्ला औरही गाविस वडा नं. ५, स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, औरही न.पा. वडा नं.२ बस्ने, **अमर चौधरी** (ना.प्र.नं. १८२०६४/१२०२, जारी मिति २०७३/०९/१८, जि.प्र.का. महोत्तरी)

२. श्री भोला चौधरी /श्रीमती लालो देवीको नातीनी, श्री राज कुमार चौधरी/श्रीमती रेखा देवी चौधरीकी छोरी, मधेश प्रदेश, महोत्तरी जिल्ला औरही गाविस वडा नं. ५, स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, औरही न.पा./गा.पा. वडा नं. २ बस्ने, **मिनु कुमारी चौधरी**, (ना.प्र. नं. १८२०६४/१३७३, मिति २०७४/०३/११, जि.प्र.का. महोत्तरी)

३. श्री भोला चौधरी /श्रीमती लालो देवीको नातीनी, श्री राज कुमार चौधरी/श्रीमती रेखा देवी चौधरीकी छोरी, मधेश प्रदेश, महोत्तरी जिल्ला औरही गाविस वडा नं. ५, स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, औरही न.पा./गा.पा. वडा नं.२ बस्ने **प्रिती चौधरी** (ना.प्र. नं. १८२०६४/९३१, जारी मिति २०७१/०२/११, जि.प्र.का. महोत्तरी)

**२. ऋणीहरुको नाम र ठेगाना**

श्री जोगी ठाकुर लोहार /श्रीमती राम सिकिल देवीकी बुहारी, श्री भरत ठाकुर लोहार/श्रीमती माया देवीकी छोरी, श्री राम सोभित ठाकुरकी पत्नी, मधेशप्रदेश, महोत्तरी जिल्ला हतिसर्वा गाविस वडा नं. ५, स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, औरही न.पा वडा नं. १, बस्ने, श्रीमती **निर्माला देवी** (ना.प्र.नं. ३६९७३१४३, जारी मिति २०६०/०२/२६, जि.प्र.का महोत्तरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१ श्री जोगी ठाकुर लोहार /श्रीमती राम सिकिल देवीको छोरा, श्रीमती निर्माला देवी को पति, मधेश प्रदेश, महोत्तरी जिल्ला हतिसर्वा गाविस. वडा नं. ५ ,स्थाई ठेगाना भई हाल मधेश प्रदेश, महोत्तरी जिल्ला, औरही न.पा वडा नं. १, बस्ने, श्री **राम सोभित ठाकुर** ( ना.प्र.नं. ३६९८३०९१, जारी मिति २०५९/०३/२०, जि.प्र.का महोत्तरी)

